# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ४३ | काठमाडौं | सोमबार, २३ जेठ २०७९ | Prabhab National Daily, | Monday, June 6, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# वातावरण जोगाउन चुनौती



विश्व वातावरण दिवसको अवसरमा आइतबार गोरखा नगरपालिकाद्वारा आयोजित वृक्षरोपण कार्यक्रममा वडा नं ४ को दारिम डाँडामा वृक्षरोपण गर्दै वडाध्यक्ष लालबाबु भट्टराईलगायत । *तस्बिरः दीपक श्रेष्ठ/रासस*

■ रमेश लम्साल

काठमाडौं- २०७८ फागुन २१ गते मुस्ताङको थासाङ गाउँपालिका-२ को मानापाथी हिमालको फेदमा दर्जनौं चौरी आफ्नै लयमा चरिरहेका थिए । स्थानीय सुशीला शेरचन र उनका भाइ नरप्रसादको आम्दानीको बाटो थिए चौरी । गुरुसाङ्वो गुफामाथिको चिप्लुङ लेकमा चौरीको गोठ थियो । त्यही चौरी चर्ने छिप्लुङ खर्कमा खसेको हिमपहिरोले १५ वटा चौरी मार्‍यो । चौरी बास बसेको खर्कमा हिउँले पुरिएर उनीहरूको प्राण पखेरु उड्यो । सुशील र नरप्रसादको सपना पनि हिमपहिरोले खाइदियो ।

हिउँदमा जाडो छल्न बेसी झरेका चौरीगोठ गर्मी बढेपछि लेकतर्फ उकालिएकै समयमा आएको पहिरोले सखाप पारिदिएको थियो । स्थानीयवासीका अनुसार मानापाथी हिमालको फेदीमा रहेको छिप्लिङ, हेपिम, हुम्लुङ, पड्के, हयाङ्लिङ, सरेका खर्कमा लगातार हिमपहिरो खस्ने गरेको छ । गत कात्तिक २९ गते पनि मानापाथी हिमालबाटै खसेको हिमपहिरोले उधुम मच्चायो । आँधीजस्तै गरी आएको मुस्लोसहितको पहिरो खसेपछि भाग्ने क्रममा कोवाङका अमरसिंह माविका शिक्षक र विद्यार्थी घाइते भए । नाउरीकोटका सकेन्द्र गौचन र भीम थकालीका २१ वटा याक र नाक मरेका थिए । हरेक वर्ष यस्तै विपत्तिको पीडामा मुस्ताङबासी परिरहेकै छन् ।

अघिल्लो वर्ष भारतको चमोलीमा पनि हिमपहिरो आयो । हिमपहिरोका परेर ऋषी गंगा पावर प्रोजेक्ट सबैभन्दा बढी प्रभावित भयो । विभिन्न अध्ययनअनुसार नेपालको दूधकोशी, तमोर, कालीगण्डकी, अरुण, मुगु कर्णाली, सुनकोशी, भोटेकोशी, अरुण र त्रिशूलीजस्ता नदीमा पनि बाढीपहिरो र हिमताल विष्फोट भएर आउने सम्भावना बढी देखिन्छ । नेपालको उत्तरी क्षेत्रमा मात्रै तीन हजार बढी हिमताल छन् ।

**औद्योगिक राष्ट्रले थुपारेको कार्बन कहरमा नेपालजस्ता साना देशहरू जलवायु परिवर्तनको उच्च जोखिममा परेका छन् । हरेक वर्ष हिमनदी फुट्ने, हिमपहिरो आउने र तल्लो तटीय क्षेत्र प्रभावित हुने गरेको छ ।**

औद्योगिक राष्ट्रले थुपारेको कार्बन कहरमा नेपालजस्ता साना देशहरू जलवायु परिवर्तनको उच्च जोखिममा परेका छन् । हरेक वर्ष हिमनदी फुट्ने, हिमपहिरो आउने र तल्लो तटीय क्षेत्र प्रभावित हुने गरेको छ । सिन्धुपाल्चोकको भोटेकोशी नदीमा आएका वर्षौंका बाढीपहिरो त्यसैको उदाहरण हो भन्दा फरक पर्दैन । गत सालको असारमा आएको बाढी तथा पहिरोका कारण मेलम्ची बजार खण्डहर हुनु, निर्माणाधीन जलविद्युत् आयोजनासमेत (बाँकी पृष्ठ ३ मा)

## गैरसांसद मन्त्री

# संविधानको गलत अभ्यास



राजनीतिक अभिष्ट पूरा गर्नका लागि संविधानको गलत अभ्यास भइरहेको छ । यसलाई निरन्तरता दिँदा संविधानको जुन उद्देश्य हो, त्यसमाथि नै कुठाराघात हुन्छ । *-भीमार्जुन आचार्य, संविधानविद्*



पटक-पटक गैरसांसदलाई मन्त्री बनाउँदा राजनीतिक अस्थिरता निम्तिन्छ । यसले कुनै मन्त्रीलाई गतिलोसँग काम गर्न दिँदैन । *-श्याम श्रेष्ठ, नागरिक अगुवा*

■ आरके शाही

**काठमाडौं-** प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रीमण्डलमा गैरसांसद व्यक्ति मन्त्री बन्ने भएका छन् । नेकपा एकीकृत समाजवादी पार्टीले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीका लागि सिफारिस गरेका शेरबहादुर कुँवर संघीय संसद्को सदस्य छैनन् । एकीकृत समाजवादीबाट परिवर्तित अन्य मन्त्रीहरूसँगै कुँवरले आज शपथ लिने छन् ।

गैरसांसदका रूपमा मन्त्री हुन लागेका कुँवर पहिलो र एक्ला व्यक्ति भने होइनन् । हाल देउवाकै मन्त्रीमण्डलमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारीमा रहेका गोविन्दप्रसाद शर्मा कोइराला (गोविन्द बन्दी) पनि गैरसांसद हुन् । संयोगले यी दुवै जनालाई एकीकृत समाजवादीले सिफारिस गरेको हो । कुँवर एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवं अछाम जिल्ला अध्यक्ष हुन् भने बन्दी पार्टीमा आबद्ध नभए पनि अध्यक्ष माधवकुमार नेपालनिकट मानिन्छन् । कोइराला गत चैत २४ गते मन्त्री नियुक्त भएका थिए । यसअघि सुदूरपश्चिमबाट राष्ट्रिय सभा सदस्य निर्वाचित भएका कुँवरको कार्यकाल गत फागुनमा सकिएको थियो ।

प्रधानमन्त्री देउवाले गैरसांसदलाई मन्त्री बनाउन लागेको पनि पहिलोपटक होइन । यसअघि देउवाले गजेन्द्र हमाललाई उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री नियुक्त गरेका थिए । तर, उनी तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणासँग जोडिएकाले चौतर्फी आलोचना भयो । अन्ततः मन्त्री भएको तीन दिनपछि हमालले राजीनामा दिएर बिदा भए ।

नेपालको संविधान जारी भएपछि पहिलोपटक भएको प्रतिनिधिसभा निर्वाचनपछि देउवाले दोस्रो सरकारको नेतृत्व सम्हालिरहेका छन् । गत असार २८ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्दै नेपाली कांग्रेसका सभापति देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गरेपछि उनले सत्ताको बागडोर सम्हाल्ने अवसर पाएका थिए ।

त्यसअघिका प्रधानमन्त्री केपी शर्मा ओलीले ७ जेठ २०७८ राति दोस्रोपटक गरेको प्रतिनिधिसभा विघटनलाई सर्वोच्चले बदर गरिदिएको थियो । ओलीले नै त्यसअघि ५ पुस २०७७ मा पहिलोपटक प्रतिनिधिसभा विघटन गरेका थिए । जसलाई पनि सर्वोच्चले बदर गरिदिएको थियो ।

**के छ संवैधानिक व्यवस्था ?**

संविधानमा गैरसांसदलाई एक पटक मात्रै मन्त्री हुन पाउने र मन्त्री भएको छ महिनाभित्र संघीय संसद्को सदस्य भइसक्नुपर्ने व्यवस्था छ । जुन व्यवस्था नेपालको संविधानमा पहिलोपटक गरिएको हो । संविधानको धारा ७८ मा संघीय संसद्को सदस्य नभएको व्यक्ति मन्त्री हुने व्यवस्था गरिएको छ । (बाँकी पृष्ठ ५ मा)

## चार मन्त्री फिर्ता, नयाँ सिफारिस

**काठमाडौं (प्रस)-** नेकपा एकीकृत समाजवादीले सरकारमा रहेका आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाएको छ । आइतबार बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले गरेको निर्णयअनुसार यसअघि सरकारमा रहेका चार जनालाई फिर्ता बोलाएर नयाँ चार जनाको नाम प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाइएको छ ।

यससँगै स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, सहरी विकासमन्त्री रामकुमारी झाँक्री र श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ फिर्ता हुने भएका छन् । उनीहरू गत असोज २२ मा मन्त्री बनेका थिए ।

नयाँ मन्त्रीको सूचीमा भवानीप्रसाद खापुङ स्वास्थ्य तथा जनसंख्या, जीवनराम श्रेष्ठ संस्कृति पर्यटन तथा नागरिक उड्डयन, मेटमणि चौधरी सहरी विकास, शेरबहादुर कुँवर श्रम, रोजगार तथा सामाजिक सुरक्षा र हिरा केसी स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री रहेका छन् । खापुङ यसअघि स्वास्थ्य राज्यमन्त्री थिए ।

एकीकृत समाजवादीको आइतबार बसेको सचिवालय बैठकले पार्टीका तर्फबाट छ महिनाका लागि मन्त्री बनाइएकाहरूको समयावधि नाघेको भन्दै उनीहरूलाई फिर्ता बोलाएर नयाँ पठाउने निर्णय गरेको थियो ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# कोरियामा मौसमी कामदार पठाउन स्थानीय तहले पाएन अनुमति

■ प्रभाव संवाददाता




**काठमाडौं-** दक्षिण कोरियाबाट माग भएको मौसमी कामदार स्थानीय तहले पठाउन नपाउने भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका स्थानीय तहहरूलाई परिपत्र गरी कोरियामा मौसमी कामदार पठाउन नपाउने जानकारी गराएको हो ।

दक्षिण कोरियाले स्थानीय तहसँगको समन्वयमा मौसमी कामदार लैजाने तयारी गरेको थियो । यसको प्रक्रियासमेत अगाडि बढेको थियो । यही क्रममा स्थानीय तहहरूले कृषि क्षेत्रमा मौसमी कामदार पठाउने विषय भगिनी सम्बन्ध कायम गर्न द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गर्दा रोजगारीको विषय पनि समेट्नुपर्ने माग गरेका थिए । उक्त मागसम्बन्धमा संघीय मामिला मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग परामर्श लिएको थियो । श्रम मन्त्रालसँगको परामर्शपछि संघीय मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै स्थानीय तहलाई दक्षिण कोरियामा कामदार पठाउन कानुनी र व्यवस्थापकीय रूपमा अनुपयुक्त रहेको जानकारी दिएको हो ।

मन्त्रालयले कोरियामा भगिनी सम्बन्धका आधारमा कामदार पठाउन नपाइने जानकारीसहित स्थानीय तहहरूलाई पत्राचार गरेको छ ।पत्रमा वैदेशिक रोजगार व्यवस्थापन संघीय सरकारको कार्यक्षेत्रमा रहेको मन्त्रालयले प्रस्ट पारिएको छ । वैदेशिक रोजगारीमा पठाउने कामको नियामक, व्यवस्थापकीय र कल्याणकारी कार्यहरूश्रममन्त्रालय र परराष्ट्र मन्त्रालयबाट हुने उल्लेख गर्दै स्थानीय तहको क्षेत्राधिकार नभएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सबै स्थानीय तहलाई सम्बोधन गर्दै पठाइएको पत्रमा प्रचलित वैदेशिक रोजगार ऐन २०६४ रस्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम भगिनी सम्बन्धको आधारमा वैदेशिक रोजगारीको लागि स्थानीय तहले पठाउने अधिकार नदेखिएको उल्लेख गरेको छ । स्थानीय तहले मौसमी श्रमिक पठाउने अनुमति माग गरेपनि कानुनी व्यवस्थाविपरीत हुने भएकोले त्यस्तो अनुमति दिन नसकिने मन्त्रालयले प्रस्ट पारेको छ ।

दक्षिण कोरियाको स्थानीय तह वा राज्यले विदेशबाट मौसमी कामदार ल्याउन पाउने व्यवस्था छ । सोही व्यवस्थाअनुसार स्थानीय तहले कोरियाका विभिन्न स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गरी युवाहरूलाई रोजगारीमा पठाउन चाहेका थिए । तर, वैदेशिक रोजगार ऐन २०६४ अनुसार कूटनीतिक सम्बन्ध कायम भएको मुलुकसँग सम्झौता गरी नेपाल सरकारले आफ्नो कुनै कार्यालय, निकाय वा पूर्णसरकारी स्वामित्वमा रहेको संस्थामार्फत कामदार पठाउनसक्ने व्यवस्था गरेपनि स्थानीय तह वा प्रदेशलाई विदेशमा श्रमिक पठाउन अधिकार नदिएको श्रम मन्त्रालयले जनाएको छ ।

रोजगारीका लागि आकर्षक गन्तव्य कोरियामा हाल इपिएस भाषा परीक्षा उत्तीर्ण गरेका श्रमिकमात्रै लगिँदै आएको छ । कामदार अभाव बढेपछि कोरियाले मौसमी कामदार लैजाने भएको हो ।श्रममन्त्रालयका अनुसार कोरियाले नेपालबाट चार हजार मौसमी श्रमिक लैजाने भएको छ । त्यहाँको कानुन तथा न्याय मन्त्रालयले गतजनावरीमै यसको लागि स्वीकृति दिइसकेको छ । कोरियाले मौसमी श्रमिक सीधै स्थानीय तहबाट लैजाने तयारी गरेको थियो ।


कोरियाको न्याय मन्त्रालयले मौसमी श्रमिक लैजानेबारे नेपालसहित चार देशका प्रतिनिधिसँग छलफल गरी कानुन नै परिवर्तन गरेको जानकारी नेपालको श्रम मन्त्रालयलाई गराइसकेको छ । मौसमी श्रमिक पहिलो चरणमा कृषि र माछापालन तथा दोस्रो चरणमा निर्माण क्षेत्रमा लगिने श्रममन्त्रालयले जनाएको छ ।

मौसमी श्रमिकको रूपमा कोरिया जाने व्यक्तिले न्यूनतम साढे दुई लाखभन्दा माथि पारिश्रमिक पाउने बताइएको छ । उनीहरूको करार अवधि छ र नौ महिनाको हुनेछ । मौसमी श्रमिकले करारअवधिको रोजगार बिमा, स्वास्थ्यलगायत सुविधा इपिएसमार्फत जाने श्रमिकले जस्तै पाउने गरी कोरियाको सम्बन्धित निकायसँग छलफल भएको श्रम मन्त्रालयले जनाएको छ ।



# फोहोर नउठ्दा राजधानीका नदी प्रदूषित

■ पूर्णप्रसाद मिश्र



फाइल तस्बिर

**काठमाडौं–** राजधानीका सडक, चोक र नदी किनारमा फोहोर थुप्रिदा त्यो फेरि काठमाडौं उपत्यकाका विभिन्न नदीमै मिसिन थालेको छ । राजधानीमा विगत चार महिनादेखि फोहोरको नियमित व्यवस्थापन हुन सकेको छैन । फोहोर व्यवस्थापन नहुँदा राजधानी दुर्गन्धित छ ।

मानिस दैनिक फोहोरको थुप्रो पार गरेर संघीय राजधानी काठमाडौंमा यात्रा गर्न बाध्य छन् । राजधानीका जम्मा भएको फोहोरमध्ये धेरैजसो काठमाडौं उपत्यकाका बागमती, रुद्रमती, विष्णुमती, मनोहरा, हनुमन्ते, गोदावरी खोलालगायत नदी किनारका सडक एवं सार्वजनिक जग्गामा थुपारिएको छ ।

यसरी थुपारिएको फोहोर सीधै नदीमा मिसिने गरेको वातावरणका विषयमा अनुसन्धानमा लागेका गोदावरीका अशोक महर्जन बताउँछन् ।

पछिल्लो समय राजधानीको फोहोर व्यवस्थापन गरिँदै आएको नुवाकोटको सिसडोल, बञ्चरेडाँडा क्षेत्रमा विभिन्न माग राखी स्थानीयवासीले लैजान नदिएपछि राजधानी दुर्गन्धित बनेको हो । सडक, चोक, दोबाटो एवं नदी किनारमा फोहोर थुप्रिएको छ । मास्क लगाएका मानिस पनि फोहोरको थुप्रोमा पुगेपछि नाक थुन्दै हिँडेको दृश्य देखिन्छ ।

सफाइ अभियानले जागरणको काम गरे पनि सार्वजनिक स्थलमा फोहोर गर्नेलाई कानुनी कारबाहीको दायरमा नल्याएसम्म फोहोरको समस्या समाधान हुँदैन ।

पछिल्लो समय अभियानकर्मीले फोहोर फाल्नेलाई कानुनी कारबाही गराउन प्रमाणसहित दबाब दिँदै आएका छन् ।

बागमती सफाइ महाअभियानको ४७३औँ हप्तामा पनि नदी किनारमै फोहोर थुपारिँदा गर्मीसँगै नियमितजसो वर्षाका कारण फोहोरबाट रोग फैलिनसक्ने त्रासमा राजधानीवासी रहेका छन् । फोहोर नउठे पनि बागमती सफाइ महाअभियानले शनिबार ४७३औँ हप्ताको सफाइ कार्यक्रम जारी राख्यो । सफाइबाट चार मेट्रिक टन फोहोर उठाइएको छ ।

उठाइएको फोहोर लिन काठमाडौं महानगरपालिकाको गाडी नआएपछि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको गाडीमा राखेर नकुहिने फोहोर कार्यालयनजिकको खाली ठाउँमा राखिएको छ । कुहिने फोहोर भने नदी किनारमै छोड्ने गरिएकाले  एक पटक जम्मा गरिएको फोहोर व्यवस्थापन गर्न नपाउँदा फेरि नदीमै मिसिन थालेको छ । फोहोर व्यवस्थापन नगर्दा सफाइ महाअभियानको अर्थ नहुने अभियानकर्मीकै भनाइ छ ।

तैपनि अभियानकर्मी शनिबार बिहान ‘राष्ट्रका लागि दुई घण्टा स्वयंसेवा’ भन्ने नाराका साथ नदी सफाइमा सक्रिय हुँदै आएका छन् ।

नदी किनारबाट फोहोर टिपी किनारमै थुपारेर फेरि नदीमै मिसिनेक्रम चार महिनादेखि बढ्न थालेपछि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले गाडीको व्यवस्था गरी कार्यालय परिसरको खाली स्थानमा राखेर व्यवस्थापन गर्न थालेको सञ्चालक सदस्यसमेत रहेकी सफाइ अभियानकर्मी डा.माला खरेलले जानकारी दिइन् ।

यसबीचमा केही समयमात्र फोहोर उठेको छ । टिपेको फोहोर व्यवस्थापन नहुँदा ‘हिँड्दै छ, पाइला मेट्दै छ’ भनेभैँ नदी फेरि प्रदूषित हुनेक्रम चलिरहेको छ ।

महाअभियानले सफाइका क्रममा जम्मा भएको नकुहिने फोहोर व्यवस्थापन गरे पनि राजधानीवासीका घर-घरमा जम्मा भएको फोहोर नदी किनारमा थुपारिरहँदा नदीमा जति सफाइ गरे पनि फोहोरमुक्त बनाउन नसकिने अवस्थामा पुगेको अभियानकर्मी खरेल सुनाउँछन् ।

शनिबार सिनामंगलको गुह्येश्वरी माध्यमिक विद्यालय परिसरअघिको नदी किनारमा गरिएको सफाइमा सयौँ अभियानकर्मीको सक्रियता रहेको किशोर सिंह शाही बताउँछन् ।

सफाइका क्रममा नदी किनारमा उम्रिएको झाडी फँडानी गर्नाका साथै घरदैलो गरी चेतना जागरण पनि गरिएको उनको भनाइ छ । जतिपटक आममानिसमा जागरण फैलाए पनि फोहोरलाई राजधानीवासीले वर्गीकरण नगर्दा पनि व्यवस्थापनमा समस्या आउने गरेको छ । कुहिने फोहोरलाई घरमै जैविक मल बनाएर कौसीमा तरकारी खेती गर्न सकिने भए पनि धेरैको यसतर्फ ध्यान जान सकेको छैन । *रासस*

# महानगर प्रमुख शाह र मुख्यमन्त्री पाण्डेबीच भेट

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह र बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेबीच भेटवार्ता भएको छ ।

मुख्यमन्त्री पाण्डेनिवास स्वयम्भूमा आइतबार बिहान भएको भेटमा काठमाडौं महानगरभित्रको फोहोरमैलाको व्यवस्थापन, सुशासन, सेवा प्रवाह र सम्पदा संरक्षणको विषयमा छलफल भएको मुख्यमन्त्री पाण्डेका प्रमुख स्वकीय सचिव उमेश रूपाखेतीले जानकारी दिए ।

यस्तै, भेटमा आगामी दिनमा बागमती प्रदेश सरकार र महानगरले परिणाममुखी सहकार्य गर्ने विषयमासमेत छलफल भएको थियो ।

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा निर्वाचित शाहले आफू निर्वाचित भएसँगै विभिन्न राजनीतिक दलका शीर्ष नेता एवं विभिन्न सरकारका प्रमुखसँग भेटवार्ता गर्दै आएका छन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASIAN SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०२/२० LT. No. 261858 चलानी नं. ६०१८०४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Seurity Guard | 25 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु १५,०००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Sama International Overseas Pvt. Ltd.

श्रम इजाजत नं. ८६६/०६६/०६७

LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-4490538
Email : allsamaoffice2010@gmail.com, devraj1974@gmail.com, Website : www.alsamainternational.com


# मनाइयो सिठी नख पर्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीलगायत सहरमा नेवार समुदायले कुवा, इनार, पोखरी, धारालगायत पानीका स्रोतको सफाइ तथा पूजा आराधना गरी आइतबार सिठी नख पर्व मनाएका छन् । मार्कण्डेयलगायत पुराणमा सिठी देवताका रूपमा पानीका स्रोतमा प्रत्येक वर्ष ज्येष्ठ शुक्ल षष्ठीका दिन पूजा आराधना गर्नुपर्ने विषय उल्लेख गरिएको छ । संयोगले यो वर्ष सिठी नख पर्वका दिन जुन ५ अर्थात् विश्व वातावरण दिवस पनि परेको छ । पुराणको वचनअनुसार नै यो पर्व मनाउने परम्परा सुरु भएको धर्मशास्त्रविद् प्रा.डा. देमणि भट्टराईले बताए ।

यस अवसरमा राजधानीलगायत देशभरका पानीका मुहानमा सफाइ गरिएको छ । यो पर्व विशेषगरी नेवार समुदायको बाहुल्यता रहेका स्थानमा मनाइएको छ । नेवार समुदायबाट पानीको स्रोत सफाइ सिकेकाले पनि यो पर्व मनाएका छन् । संयुक्त राष्ट्रसंघले वातावरण दिवस मनाउन थालेको ५० वर्ष भयो । तर आदिकालदेखि नै सिठी नख पर्व मनाउने गरिन्छ । सिठी नखमा विशेषगरी पानीका मुहानको सफाइ गरिन्छ ।

**मनाइयो कुमार षष्ठी**

ज्येष्ठ शुक्ल षष्ठीकै दिन मनाइने कुमार षष्ठी पर्व पनि आइतबार नै देवताहरूका सेनापति कुमार कार्तिकेयको पूजा आरधना एवं व्रत गरी मनाइएको छ । सत्य युगमा महादेवका ज्येष्ठ सुपुत्रका रूपमा कुमार कार्तिकेय जन्मिएको सम्झनामा उनको पूजा आरधना गरी यो पर्व मनाउने गरिएको हो । षष्ठीबाट अपभ्रंश भएर कुमार कार्तिकेयलाई सिठी पनि भनिन्छ । शिव-पार्वतीले पृथ्वी घुमेर आउनेलाई पहिलो पूजा गर्ने रीत बसाल्ने घोषणा गरेपछि कुमारले आफ्नो वाहन मयूर चढेर ब्रह्माण्डको परिक्रमा गरे पनि गणेशले विश्व ब्रह्माण्ड भनेकै शिव-पार्वती भनी पहिलो पूजाको अवसर पाएको कथा पनि विभिन्न पुराण उल्लेख गरिएको छ ।

गणेशपछि भने कुमारको पूजा गर्ने गरिन्छ । गणेशकुमाराभ्यां नमः भन्ने वाक्यले दुवैको पूजा गरिने उनले बताए । यस दिन छ थरीका पूजा सामग्रीले सिठी नखको पूजा आराधना गरिन्छ ।


**Himali Rural Municipality**

**Office Of the Municipal Executive**

**Dhulachaur, Bajura**

**Sudurpaschim Province, Nepal**

## Letter of Intent

**Date of Publication: 2079/02/23**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 ,  the instruction to bidders, successful in bid under PPMO's E-Procurement portal , IFB No- HRM/NCB/BUILDING/01/078/079 Published in Prabhav Daily on 2079/01/20 (may 03, 2022) that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name Of The Project | Name of Bidder | Bid Price ( With VAT) |
|---|---|---|---|
| HRM/NCB/ BUILDING/01/078/079 | Janta School Building Construction Work | Summit Peak Engineering Consultancy Pvt.Ltd kathmandu | Nrs 19,71,086.21 |

**V. Chief Administrative Officer**


## आजको राशिफल

**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ जेठ २३ गते सोमबार (तिथिः सप्तमी, नक्षत्रः मघा, शुक्लपक्ष)

**मेष** लापरवाहीले गर्दा अशान्ति र बाधाको योग छ ।

**वृष** व्यवसायमा सामान्य प्रगति हुनेछ ।

**मिथुन** सन्तुलित आहार लिनुहोला ।

**कर्कट** सफलता प्राप्त हुने योग छ ।

**सिंह** बाहिरी सहयोग बढ्नेछ ।

**कन्या** खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला ।

**तुला** पराक्रम र प्रसिद्धि बढ्नेछ ।

**वृश्चिक** विधार्थीहरूको लागि राम्रो समय छ ।

**धनु** आय र जनसम्पर्कमा वृद्धि हुनेछ ।

**मकर** सबै कार्यहरूमा सावधानी र धैर्य राख्नुहोला ।

**कुम्भ** अनावश्यक इच्छा नराख्नुहोला ।

**मीन** विवादको योग छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २३ गते, २०७९, ६ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## वातावरण जोगाउन...

पृष्ठ १ बाट जारी

अत्यधिक प्रभावित हुनुका पछाडि पनि जलवायु परिवर्तनको असरले नै काम गरेको छ । उच्च गतिमा हिमाल पग्लिरहेको छ । हिमनदीमा देखापरेको परिवर्तन र त्यसको निम्त्याएको जोखिम मुस्ताङमा आएको पहिरोभन्दा सयौँ गुणा बढी विनासकारी हुने कुरामा कुनै दुईमत देखिँदैन ।

गत वर्षको बाढीपहिरोका कारण जलविद्युत् आयोजनामा मात्रै तीन अर्ब रूपैयाँ बराबरको क्षति भएको उद्यमीहरूको भनाइ रहँदै आएको छ । पछिल्ला पाँच वर्षमा त्यस क्षेत्रमा १० अर्ब रूपैयाँ बराबरको क्षति भएको छ । एक अन्तर्राष्ट्रिय अध्ययनअनुसार सन् १९७५ देखि २००० को बीचमा प्रत्येक वर्ष औसतमा चार अर्ब टन बरफ पग्लिएको थियो भने, सन् २००० देखि २०१६ को बीचमा त्यसको मात्रा दोब्बर भएर आठ अर्ब टन पुगेको छ । अन्टार्टिकादेखि उत्तरी ध्रुवसम्म पनि हिउँ र बरफको पग्ने क्रम असाध्यै बढेर गएको छ । जलवायु परिवर्तनका कारण संसारभर नै तापक्रममा वृद्धि भएको छ ।

पूर्वमा वर्मादेखि पश्चिममा इरानसम्मको उत्तरी क्षेत्रमा हिमाल र हिमशृंखला छन् । हिन्दूकुश क्षेत्रमा लामो समयदेखि वातावरण र जलवायुको क्षेत्रमा अध्ययन गर्दै आएको अन्तर ाष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका अनुसार माथिल्लो हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण परेको प्रभावले बाढीपहिरोको वितण्डा मच्चाउन थालेको छ । गत वर्ष मेलम्चीमा आएको बाढीपहिरोले सरकारी तथा निजी सम्पत्तिलाई बगरमा परिणत गर्नुको पछाडि पनि सोही कारण रहेको जानकारको भनाइ छ ।

हिमाली क्षेत्रमा सन् १९५० पछि नयाँ हिमताल बन्ने, हिमपहिरो खस्ने, हिमनदी विस्तारित हुने क्रम बढेर गएको छ । सगरमाथा आरोहणमा जाने आरोहीअनुसार खुम्बु हिमनदीमा देखिएको परिवर्तन सबैभन्दा डरलाग्दो छ । इसिमोडका अनुसार कोशी, गण्डकी र कर्णाली नदी जलाधार क्षेत्रमा मात्रै २१ ताल असाध्यै जोखिमपूर्ण अवस्थामा छन् । ती ताल विष्फोट भएको अवस्थामा तल्लो तटीय क्षेत्रका सयौँ बस्ती, जलविद्युत् आयोजना, सडक पूर्वाधारलगायत सम्पत्ति क्षणभरमा नै स्वाहाः हुने खतरा उत्तिकै छ ।

केही वर्ष पहिले भोटेकोशी नदीमा आएको बाढीका कारण भोटेकोशी जलविद्युत आयोजना झण्डै चार वर्षसम्म बन्द हुनपुग्यो । गत भदौमा तामाकोशी नदीको माथिल्लो जलाधार चीनको स्वशासित क्षेत्र तिब्बतमा भीषण वर्षा हुँदा माथिल्लो तामाकोसीको जलाशयको पानी घटाएर आयोजना सुरक्षित बनाइयो । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका हिमनदी पग्लने क्रममा वृद्धि भएको तथ्य कोही कसैबाट छिपेको छैन । त्यस्तै गत असारको वर्षाले मनाङ, बाजुरा, बझाङलगायत हिमाली क्षेत्रमा पनि अत्यधिक वर्षा भयो । पानीको सतह घटाउन च्छो रोल्पा हिमतालमा सरकार र गैरसरकारी क्षेत्रबाट राम्रै प्रयास भएको छ । भोटेकोशीको माथिल्लो जलाधार क्षेत्रमा मात्रै साना ठूला गरी तीन दर्जन बढी हिमताल छन् ।

सोलुखुम्बु क्षेत्रमा पनि अनेकन हिमनदी र हिमताल देखिन थालेका छन् । विश्वव्यापी रूपमा तापक्रममा वृद्धि हुँदै जाँदा हिमनदीको आकार बढ्दै गएको छ । त्यसबाट तल्लो तटीय क्षेत्रमा जोखिम बढ्दै गएको छ । केही वर्ष पहिलो कास्कीको सेती नदीमा अकस्मात बाढी आउँदा ठूलो जनधनको क्षति भएको थियो । नेपालका अधिकांश खोला तथा नदी उत्तरबाट दक्षिणतर्फ बग्ने र ठाडो प्रकृतिका छन् । तापमानमा भएको वृद्धिका कारण नदीमा पानीको सतह बढ्दै गएको छ । यसबाट नदीमा निर्माण भएका जलविद्युत् आयोजनालाई पनि जोखिममा पारिदिएको छ ।

सन् १९९० मा भोटेकोशी जलविद्युत् आयोजना निर्माणका क्रममा भूउपग्रहको तथ्यांकका आधारमा अध्ययन गर्दा चिनियाँ भूभागमा साना ठूला गरी ४० का हाराहारीमा हिमनदी रहेको पाइएको थियो । ती नदीमा सन् १९३० र १९८१ मा समेत ठूलो बाढी आएको विवरणलाई पनि अध्ययन गरेर भोटेकोशी जलविद्युत् आयोजना निर्माण गरिएको त्यस आयोजनासम्बद्ध पक्षले जानकारी दिएको छ ।

गत असारमा निर्माण हुन लागेको ४४ मेगावाट क्षमताको सुपरमादी जलविद्युत् आयोजनामा मात्रै एक अर्ब रूपैयाँ बराबरको क्षति भयो । बाढीपहिरोको जोखिम बढ्दै गएपछि त्यसको निरूपणका लागि कसरी अगाडि बढ्ने र पूर्वतयारी कसरी गर्ने भन्ने बारेमा छलफल निरन्तर भइरहेको तर त्यसको नियन्त्रण गर्ने सबै उपाय भने देशभित्र मात्रै छैन । *रासस*

# सुदूरपश्चिमको नीति तथा कार्यक्रम सार्वजनिक



■ **प्रभाव संवाददाता**

**धनगढी–** सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । आइतबार बसेको सुदूरपश्चिम प्रदेशसभाको १० औं अधिवेशनको पाँचौं बैठकमा प्रदेश प्रमुख देवराज जोशीले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । सरकारले नीति तथा कार्यक्रममा अत्यावश्यकबाहेक नयाँ सवारीसाधन खरिद नगर्ने उल्लेख गरेको छ । त्यस्तै प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले तय गरेका आवश्यकताका आधारमा अघि बढाइने, प्रदेश आत्मनिर्भर अर्थतन्त्रका लागि विशेष कार्यक्रम सञ्चालन गरिने तथा अर्थतन्त्रको सवलीकरणका लागि स्वदेशी र विदेशी लगानीकर्ता भित्र्याउन लगानीमैत्री वातावरण निर्माण गरिने सुदूरपश्चिम सरकारको नीति छ ।

त्यस्तै वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी रोजगारमूलक कार्यक्रम सञ्चालन गरिने, कृषि एम्बुलेन्स सञ्चालन गरिने, खालि जग्गा र प्राकृतिक तालतलैयामा माछा पालन गरिने, साइपाल बेससम्म साहसिक पद मार्ग निर्माण गरिनेलगायतका कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएको छ । नीति तथा कार्यक्रममा प्राथमिकतामा परेका योजनाहरूमा अति आवश्यक बाहेक नयाँ सवारी खरिद नगर्ने, प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले तय गरेका योजना आवश्यकताका आधारमा अघि बढाइने, प्रदेश आत्मनिर्भर अर्थतन्त्रका लागि विशेष कार्यक्रम सञ्चालन गरिने, प्रादेशिक अर्थतन्त्रको सवलीकरणका लागि स्वदेशी तथा विदेशी लगानी भित्र्याइ लगानी मैत्री वातावरण निर्माण गरिने, फ्पँजीगत खर्च बढाइने, कार्यान्वयनयोग्य आयोजना बैंकमा राखी प्राथमिकताका आधारमा कार्यान्वयन गरिने, ठूला योजनाको आन्तरिक लेखा परीक्षण गरिने, आन्तरिक राजस्व बढाउन करको दायरा बढाइने छ ।

त्यस्तै, प्रदेश सरकार 'कृषकको अभिभावक' भन्ने नाराका साथ कृषिमा विद्युत महशुल, भन्सारलगायतका क्षेत्रमा विशेष छुट दिइने, कृषि उत्पादन बढाइ आयात घटाउने र निर्यात बढाउने योजना ल्याइने, मार्सीको धान खेती विस्तार गरिने, केरा दुध, माछा, मासुमा प्रदेशलाई आत्मनिर्भर बनाउने, मसिनो र बास्नादार धानको बीउ संरक्षण गरिने, उत्पादित कृषि भण्डारणका लागि गोदाम घर निर्माण गरिने, 'आजको लगानी, भोलिको आम्दानी' भन्ने नाराका साथ कृषिमा लगानी बढाइने, प्रमुख, सहायक, हुलाकी तथा सहायक सडक आसपासमा व्यवसायिक खेती गर्न प्रोत्साहन गरिने, 'आफूलाई चाहिने बीउ आफै उत्पादन गरौँ' भन्ने नाराका साथ रैथाने बीउको संरक्षण गरिने, 'मेरो उत्पादन प्रदेशको पहिचान' नाराका साथ कृषिलाई उत्पादन र बजारीकरण गरिने  उल्लेख गरिएको छ ।


## कर्मचारी आवश्यकता

यस **Vera Health Pvt.Ltd.** कम्पनीका लागि कर्मचारी आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद** : Call Center / Customer Services
**संख्या** : ५०
**योग्यता** : +2 pass
**समय** : बिहाँन ९:०० बजेदेखि ५:०० बजेसम्म
दिउँसो १:०० बजेदखि ९:०० बजेसम्म
**तलब** : रू. २०,०००।-

**Vera Health Pvt.Ltd.**
Bashundhra, Kathmandu, Nepal
Phone No.9803496508
Email : verahealthnp@gmail.com



## कम्पनीको नाम परिवर्तन गरिएको बारेमा सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०७९/०२/२३ गते**

साविक **जिम्बा कन्स्ट्रक्सन प्रा.लि.** (प्रा.लि.नं. १८२५९१) को नाम परिवर्तन गर्ने कम्पनीको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०२/१८ को निर्णय बमोजिम कम्पनीको नाम परिवर्तन गरि **जिम्बा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** स्विकृत भएकोले साविकको कम्पनीको सम्पुर्ण शेयर तथा दायित्व, हाल कायम भएको कम्पनीको नामबाट सञ्चालन हुने भएकोले सम्बन्धित सबै सरोकारवाला, आम जनसमुदाय र सम्बन्धित निकायहरूलाई यसै सूचना मार्फत जानकारी गराउँदछौ । कम्पनीको सम्पुर्ण कारोबारहरू हाल परिवर्तन गरिएको कम्पनीको नामबाट हुनेछन् । यस बारेमा सरोकारवाला कसैमा कुनै दुविधा वा जानकारी आवश्यक परेमा कम्पनीको शेयरधनी तथा सञ्चालक अध्यक्ष राजेश लामालाई निजको मो.नं. ९८४०५७७९२० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**राजेश लामा**
**अध्यक्ष**
**जिम्बा कन्स्ट्रक्सन प्रा.लि.**



## सूचना। सूचना ।। सूचना। सूचना ।।

यस खिजिदेम्वा गा.पा अन्तर्गतका आ.वा २७८।७९ को बिकास निर्माण सम्वन्धि उपभोक्ता समिति तथा विभिन्न ठेकेदार कम्पनीहरूले आफूले गरेको काम सम्पन्न गरि नियम र प्रकृयागत ढंगले आफूले पाउनु पर्ने भुक्तानि पाउन यहि असार २० गते भित्र लेखाशाखामा निबेदन गरि सक्नु हुनु सम्वन्धित सबैलाई जानकारी गराइन्छ । साथै अन्य सेवामुलकर तथा अतरिक्ति र स्टेसनरीर लगायत सामान आपूर्ति कर्ता ब्यक्ति वा फर्महरूले पनि भुक्तानि पाउनु पर्ने भय नियम र प्रकृया पूरा गरि बिल भुक्तानिको लागि असार २० भत्रि लेखा शाखामा निबेदन दिनुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।



## Himali Rural Municipality
### Office Of the Municipal Executive
### Dhulachaur, Bajura
### Sudurpaschim Province, Nepal

## Letter of Intent

**Date of Publication: 2079/02/23**

**This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 , the instruction to bidders, successful in bid under PPMO's E-Procurement portal , IFB No- HRM/NCB/ROAD/02/078/079 Published in** Prabhav Daily **on 2079/01/20 (may 03, 2022) that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.**

| Contract Identification No. | Name Of The Project | Name of Bidder | Bid Price ( With VAT) |
|---|---|---|---|
| HRM/NCB/ROAD/02/078/079 | Dhulachaur Phiti Borta Road Upgrading Work | Masta construction and Order Suppliers Himali 04, Bajura | Nrs 25,01,356.7 |

**V. Chief Administrative Officer**



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MOONLIGHT INDUSTRIAL SUPPLIES**

पूर्व स्वीकृति मिति : २०७९/०२/२० LT. No.264289 चलानी नं. :६०१८०४२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : OUR DISTINGUISHED CONTRACTING COMPANY**

पुर्व स्वीकृति मिति २०७८/०७/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ LT No :249756 चलानी नं.६०१६६९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Tailor | 30 | 0 | 1300 | ४३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान र मितिः**
**काठमाण्डौ - (Manpower Office ) ३० जेठ देखि १ असार २०७९/ 13 to 15th June. 2022 मा हुनेछ ।**
**काठमाण्डौ - (Manpower Office ) ५ र ६ असार २०७९/ 19 & 20th June. 2022 मा हुनेछ ।**
**रूपन्देहही -तिलोत्तमा -(Tilottama Institute of Training & Camp; Trade Test Center Pvt. Ltd) २ र ३ असार २०७९/ 16 & 17th June. 2022 मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## हिमाली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### धुलाचौर, बाजुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन सम्बन्धि सार्बजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७९ /०२/२३**

सुदूरपश्चिम प्रदेश, बाजुरा जिल्लाको हिमाली गाउँपालिका द्वारा निम्न बमोजिब प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ|

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | हिमाली गाउँपालिका, गाउँपालिकाको कार्यालय, धुलाचौर, बाजुरा, सुदूरपश्चिम प्रदेश<br>इमेल: ito.himalirulmun@gmail.com, फोन न. ९८५६०७७५२३ |
| प्रस्ताबकको व्यहोरा | बाजुरा जिल्ला, हिमाली गाउँपालिका, वडा न.-०६ मा पर्ने औधोगिक ग्राम  निर्माण कार्य |
| प्रभाब पर्न सक्ने क्षेत्र | बाजुरा जिल्लाको हिमाली गाउँपालिका, वडा न.-०६ मा पर्ने धुलाचौर क्षेत्र |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) तयारी गर्ने क्रममा सो क्षेत्रको जैबिक, भौतिक, सामाजिक तथा आर्थिक र साँस्कृतिक प्रणालीबीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाब पर्दछ भनी यकिन गर्न हिमाली गाउँपालिका वडा नं. ६ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारबाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आईपुग्ने गरी लिखित रायसुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**रायसुझाबको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | हिमाली गाउँपालिकाको कार्यालय, धुलाचौर, बाजुरा, सुदूरपश्चिम प्रदेश<br>इमेल: ito.himalirulmun@gmail.com, फोन न. ९८५६०७७५२३ |
| परामर्शदाताको नाम र ठेगाना | Elysian Consulting Services Pvt Ltd Kirtipur, kathmandu<br>इमेल : diwashadhikari17@gmail.com, फोन न. ९८५५०१८३०० |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मानव स्वयंले निम्त्याएको जोखिम

आइतबार विश्व वातावरण दिवस नेपालमा पनि विविध कार्यक्रम गरी मनाइयो । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष जुन ५ का दिन विश्वभर यो दिवस मनाईंदै आएको छ । बढ्दो वातावरण विनासलाई न्यूनीकरण गरी पृथ्वीलाई जोगाउनु यसको मुख्य उद्देश्य रहेको छ ।

मानवलाई यो जगतकै सर्वश्रेष्ठ प्राणी मानिन्छ । तर, यही मानवका कारण पृथ्वीको आयु छोट्टिंदै गइरहेको छ । जतिजति मानिसको जनसंख्या बढ्दै गयो त्यत्ति प्रकृतिको विनास हुने क्रम बढ्यो । वनजंगल र प्राकृतिक स्रोतमाथिको दोहन बढ्दै गयो । आज पनि यो क्रम जारी नै छ । अर्कोतर्फ मानवले गरेका विभिन्न प्रविधिहरूको विकासले पनि वातावरण विनासमा सहयोगी भूमिका खेल्दै आएका छन् । प्रविधि र भौतिक पूर्वाधार विकासमा विश्वका राष्ट्रहरूबीच चलेको होडबाजीले यसमा थप बल मिल्यो । उद्योग, कलकारखानाको संख्या बढ्दै जाँदा त्यसले जलवायु प्रदूषण उच्च बिन्दुमा पु¥यायो । विशेषगरी औद्योगिक राष्ट्रहरूबाट उत्सर्जन हुने कार्बन जलवायु प्रदूषणको मुख्य कारक बनेको छ । यस्तो प्रदूषणले पृथ्वीको तापमान बढाउँदै जोखिमतर्फ धकेलिरहेको छ ।

जलवायु प्रदूषणको असर विश्वभर परेको छ । त्यसमा नेपाल पनि अछुतो छैन । औद्योगिक राष्ट्रले थुपारेको कार्बन कहरमा नेपालजस्ता साना देशहरू जलवायु परिवर्तनको उच्च जोखिममा परेका छन् । हरेक वर्ष हिमनदी फुट्ने, हिमपहिरो आउने र तल्लो तटीय क्षेत्र प्रभावित हुने गरेको छ । यस क्षेत्रका बासिन्दाले हरेक वर्ष हरेक वर्ष जलवायु परिवर्तनले निम्त्याएको विपत्तिको सामना गरिरहनुपरेको छ ।

विभिन्न अध्ययनअनुसार नेपालको दूधकोशी, तमोर, कालीगण्डकी, अरुण, मुगु कर्णाली, सुनकोशी, भोटेकोशी, अरुण र त्रिशूलीजस्ता नदीमा पनि बाढीपहिरो र हिमताल विष्फोट भएर आउने सम्भावना बढी देखिन्छ । नेपालको उत्तरी क्षेत्रमा मात्रै तीन हजार बढी हिमताल छन् । हिमनदीमा देखापरेको परिवर्तन र त्यसको निम्त्याएको जोखिम विनासकारी हुने कुरामा कुनै दुईमत छैन ।

एक अन्तर्राष्ट्रिय अध्ययनअनुसार सन् १९७५ देखि २००० को बीचमा प्रत्येक वर्ष औसतमा चार अर्ब टन बरफ पग्लिएको थियो भने, सन् २००० देखि २०१६ को बीचमा त्यसको मात्रा दोब्बर भएर आठ अर्ब टन पुगेको छ । अन्टार्टिकादेखि उत्तरी धु्रवसम्म पनि हिउँ र बरफको पग्ने क्रम असाध्यै बढेर गएको छ । जलवायु परिवर्तनका कारण संसारभर नै तापक्रममा वृद्धि भएको छ ।

पूर्वमा बर्मादेखि पश्चिममा इरानसम्मको उत्तरी क्षेत्रमा हिमाल र हिमशृंखला छन् । हिन्दूकुश क्षेत्रमा लामो समयदेखि वातावरण र जलवायुको क्षेत्रमा अध्ययन गर्दै आएको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका अनुसार माथिल्लो हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण परेको प्रभावले बाढीपहिरोको वितण्डा मच्चाउन थालेको छ । गत वर्ष नेपालको मेलम्चीमा आएको बाढीपहिरोले सरकारी तथा निजी सम्पत्तिलाई बगरमा परिणत गर्नुको पछाडि पनि सोही कारण रहेको जानकारको भनाइ छ ।

हिमाली क्षेत्रमा सन् १९५० पछि नयाँ हिमताल बन्ने, हिमपहिरो खस्ने, हिमनदी विस्तारित हुने क्रम बढेर गएको छ । सगरमाथा आरोहणमा जाने आरोहीअनुसार खुम्बु हिमनदीमा देखिएको परिवर्तन सबैभन्दा डरलाग्दो छ । इसिमोडका अनुसार कोशी, गण्डकी र कर्णाली नदी जलाधार क्षेत्रमा मात्रै २१ ताल असाध्यै जोखिमपूर्ण अवस्थामा छन् । ती ताल विष्फोट भएको अवस्थामा तल्लो तटीय क्षेत्रका सयौं बस्ती, जलविद्युत् आयोजना, सडक पूर्वाधारलगायत सम्पत्ति क्षणभरमा नै स्वाहा हुने खतरा उत्तिकै छ ।

त्यसकारण जलवायुजन्य यता विपत्तिबाट जोगिनका लागि अनुकूलनका योजना निर्माण गर्नु नै उपयुक्त हुन्छ । मावन सिर्जित कारणले नै दिनानुदिन प्रकृति र वातावरणमा गम्भीर असर गरिरहेकाले सबैभन्दा पहिले हामी नै सचेत हुन जरुरी छ । कार्बन उत्सर्जन हुने गतिविधि न्यूनीकरण गर्नुपर्छ । वृक्षरोपणलाई कर्मकाण्डी मात्र बनाउनु हुँदैन । वर्षमा एक दिन वातावरण दिवस मनाउने तर, बाँकी दिन वातावरण संरक्षण केही नगर्नु हामी आफैंले दुर्घटना निम्त्याउनु हो । यसर्थ, वातावरण र प्रकृति संरक्षणमा आजैदेखि जुटौं । जलवायु परिवर्तनका कारण हुने विपत्तिबाट जोगिऔं र जोगाऔं ।

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ ।

क्रमशः

# ‘समृद्ध भरतपुर नै मेरो सपना’

*हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा ७५३ स्थानीय तहमध्ये सबैभन्दा बढी चर्चामा रहेको भरतपुर महानगरपालिकामा अन्ततः गठबन्धनको तर्फबाट प्रमुखको उम्मेदवार बनेकी रेनु दाहाललाई दोस्रोपटक नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भएको छ । उनी आफ्नो निकटतम् प्रतिस्पर्धीभन्दा १२ हजार ४४९ बढी मत ल्याएर महानगर प्रमुखमा निर्वाचित भइन् । दाहालको अबको कार्यकाल कसरी बित्छ ? अघिल्लो कार्यकालमा पूरा हुन नसकेका कामहरू यसपटक सम्पन्न गर्ने योजना के–के बनाएकी छन् ? महानगरवासीको अपेक्षा सम्बोधन गर्ने भावी योजनाका विषयमा केन्द्रित रहेर नवनिर्वाचित प्रमुख दाहालसँग राससकर्मी नारायण ढुंगाना र नारायण अधिकारीले काठमाडौंमा भएको भेटमा गरेको कुराकानीः*



**रेनु दाहाल**
**प्रमुख, भरतपुर महानगरपालिका**

**तपाई आफ्नो पहिलो पाँच वर्षे कार्यकाललाई कसरी समीक्षा गर्नुहुन्छ ?**

पहिलोपटक म भरतपुर महानगरमा नयाँ थिएँ । के गर्ने, कसो गर्ने, कताबाट कामको थालनी गर्ने भन्नेमा अनभिज्ञ थिएँ । पाँच वर्षको बीचमा भरतपुरको समग्र वस्तुस्थिति, भौगोलिक अवस्था र जनताको मनोविज्ञानको बारेमा नजिकबाट बुझ्ने अवसर मिल्यो । पाँच वर्षको अनुभवले जनताको आवश्यकता र विकासका हिसाबले परिपक्व भएको अनुभव भएको छ । कोभिडको महामारीका बीच पनि पाँच वर्षमा धेरै कामको सुरुआत भएका छन् । महानगरको विकासमा पहिलो कार्यकाल सकिँदै गर्दा पनि विकास भएन, गर्न सकेन भन्ने जनगुनासो सुन्नुपरेको छैन ।

देशको केन्द्र भागमा रहेर पनि भरतपुर विकासमा धेरै पछि परेको थियो । बाटाघाटा बजार क्षेत्रमा मात्रै थिए । ग्रामीण क्षेत्रमा सडक कालोपत्रे थिएन, जीर्ण अवस्थामा थियो । एक सय मिटर कालोपत्रे नभएको वडा पनि थियो । अहिले पाँच वर्षमा हरेक वडामा न्यूनतम २० देखि २५ किलोमिटर र अधिकतम ५०-५५ किलोमिटर कालोपत्रे भएको छ । हामीले महानगरमा ६२२ किलोमिटर सडक कालोपत्रे गरेका छौं । सडक पूर्वाधारमा मात्रै होइन, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषिलगायत समग्र क्षेत्रमा सन्तुलित विकासको ‘मोडल’ दिन सकेका छौं भन्ने लाग्छ ।

**तपाईंले दोस्रो कार्यकाललाई कसरी लिनुभएको छ ?**

पहिलो पाँच वर्षमा विकासको आधार तयार भइसकेको छ, अब त्यसमा थप सिँढी बनाउँदै जाने गरी कामहरू अघि बढाउनेछौं । त्यसलाई निरन्तरता दिनुपर्ने एउटा चुनौती छ र गर्न सकिन्छ भन्ने पूरै आत्मविश्वास पनि छ । अन्य केही मुख्य योजनाको पनि कार्यान्वयन गरी यस महानगरपालिकालाई देशकै नमूना बनाउने गरी अगाडि बढ्नेछौं । संघीय सरकारको नीति तथा कार्यक्रमको प्रक्रिया अघि बढेको बेला हामी चुनावमा थियौं । चुनावमा हार र जित जेसुकै परिणाम आउला तर भरतपुरको योजनाहरूका बारेमा पहल ग¥यौं र नीति तथा कार्यक्रममा सिंगो चितवनलाई नै विकासमा फड्को मार्ने ढंगले सम्बोधन भएको छ । अनुभवका हिसाबले र समग्र अवस्थाको जानकारीका हिसाबले अबको पाँच वर्ष मेरा लागि अन्तिम अवसर र चुनौती पनि हो । महानगरवासीको धेरै अपेक्षा छ, ती अपेक्षाअनुसार नै लोकप्रिय मत पनि जनताले दिनुभएको छ । उहाँहरूको अपेक्षा पूरा गर्न कुनै कसर बाँकी राख्न हुन्न भन्ने कुराको गहिरो बोध छ ।

**तपाईंले किन पुनः महानगरको प्रमुखमा दोहोरिने निर्णय गर्नुभयो ?**

मेरो आफ्नो आवश्यकताले भन्दा पनि भरतपुरको आवश्यकतालाई ध्यानमा राखेर दोहो¥याएको हुँ । नदोहो¥याएको भए सांसद हुन्थेँ होला, मन्त्री पनि हुनसक्थेँ । कुनै न कुनै राष्ट्रिय भूमिकामा हुन्थेँ होला । त्यो सम्भावना थियो तर त्यसो गरिन । चितवनको भरतपुर महानगरको कामहरू जसरी अघि बढाइएको छ । जनताको जे विश्वास पाँच वर्षको अवधिमा प्राप्त गरेको छु, त्यो जनताको विश्वास र म प्रतिको बुझाइ र अपेक्षाका हिसाबले हेर्दा मेरो यहीँ आवश्यकता छ भन्ने कुरा महसुस भयो । धेरै अधुरा काम सम्पन्न गर्नुपर्नेछ । ठूलाठूला गौरवका आयोजनाहरू अघि बढेका छन् । आखिर जसले बच्चा जन्माउँछ, उसैलाई बच्चाको माया बढी लाग्छ नि ।

**तपाईंको पाँच वर्षे कार्यकालमा संघीय सरकारको सहयोग कस्तो रह्यो ?**

पहिलो चरणमा पार्टी एकीकरणपछि नेकपा पनि भयो र सरकार पनि नेकपाको बन्यो । त्यतिबेला काम गर्न खासै समस्या भएन । पछिल्लो चरणमा पार्टीभित्र अन्तरविरोध हुन थालेपछि संघीय सरकारको चितवन जिल्ला वा भरतपुरलाई हेर्ने सन्दर्भमा पूर्वाग्रह राखियो । चितवन जिल्ला भन्नेबित्तिकै नकारात्मक रूपमा हेर्ने अवस्था आयो । चितवनको रंगशाला निर्माणका लागि जग्गा व्यवस्थापनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसहित हामी प्रधानमन्त्रीकहाँ गएका थियौं, जग्गा टुंगोमा पु¥याइदिनुप¥यो भनेर । सिटी हलको जग्गाको कुरा टुंग्याउनुप¥यो भन्दा पनि सकारात्मक रूपमा लिइएन । त्यसपछि हामीले अर्को ढंगबाट रंगशालाका लागि कृषि विश्वविद्यालय, महानगरसहित त्रिपक्षीय सम्झौता ग¥यौं । त्यो विषयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पनि लगेका थियौं । उहाँले सहयोग नगर्दा हामीले अर्को ढंगबाट काम गर्नुप¥यो । महानगरको सिटी हलको विषय सबै प्रक्रिया पूरा गरेर लैजान खोज्दा त्यो पनि रोकिएपछि हामीले तलैबाट समस्या समाधान गर्न सक्यौं ।

पछिल्लो चरणमा सिटी हलको बजेट विनियोजन गर्ने कुरा, सडकको बजेट विनियोजन गर्दा हरेक योजनामा सकेसम्म नहोस् भन्नेमा सरकारको दाउपेच चलिरह्यो । छ वटा महानगरमध्ये भरतपुरमात्रै ‘स्मार्ट सिटी’ बनेको थियो तर स्मार्ट सिटीबाट हटाउन लगाइयो । सहरी विकास मन्त्रालयले स्मार्ट सिटी गुरुयोजना पनि बनाएको थियो । प्रधानमन्त्रीले आफ्ना नयाँ सहरहरू थप्नुभयो । नारायणीको गुरुयोजना बनाएर माग गरिएको तटबन्धको बजेटका लागि पनि कुनै ध्यान दिइएन । यसरी विगत पाँच वर्षमा जे जति काम भयो, हामीले धेरै मिहेनत गरेर भएको हो । सरकार नै असहयोगी बनेपछि काम गर्न सजिलो थिएन ।

**तपाईंलाई प्रचण्डको छोरीका रूपमा नभई आफ्नो छुट्टै पहिचान बनाएँ जस्तो लाग्दैन ?**

पहिला कतिपयले नेता प्रचण्डले आफ्नो छोरीलाई राजनीतिमा ल्याए भन्ने टीकाटिप्पणी पनि नभएको होइन । मेरो पृष्ठभूमि जनस्तरसम्म धेरैले नबुझेका कारण त्यसो भनिएको हुन सक्छ । स्कूल पढ्दापढ्दै परिवर्तनको आन्दोलनमा होमियो । रोल्पा, काठमाडौंमा कार्य क्षेत्र हुँदै पार्टीले चितवनमा पठायो । म पार्टीको एक वफादार र प्रतिबद्ध सिपाही हुँ । चुनावलाई आफ्नो पक्षमा ल्याउन मलाई प्रचण्डपुत्री भनेर बढी प्रहार गरेका थिए । त्यो खालको चुनौतीका बीच मलाई काम गरेर देखाउनुपर्छ भन्ने थियो । पाँच वर्षमा धेरै काम गरेर देखाएँ । म आफ्नै कामले परिचित हुन्छु भनेर संकल्प पनि राखेँ । मेरो कारणले बुबा र पार्टीलाई तथा बुबाको कारणले मलाई यो खालको टीकाटिप्पणी सुन्नु नपरोस् भन्नेमा म एकदम सचेत छु । विरोधीले पनि प्रश्न गर्न नसक्ने हिसाबले काम गर्छु भन्ने संकल्प राखेको थिएँ । अहिलेको निर्वाचनमा प्रचण्डपुत्री भन्ने शब्द सुन्नुपरेन । रेनुले यहाँ कमजोरी ग¥यो भन्ने गम्भीर आरोप पनि सुन्नुपरेको छैन । विकास भएन भन्ने सुन्नुपरेको पनि छैन । पाँच वर्षको अवधिमा आफ्नो कर्मले त्यो कुरा मेटाउन सकेँ भन्ने लाग्छ ।

**अबको कार्यकालमा सबै पक्षलाई समेटेर कसरी अगाडि बढ्नुहुन्छ ?**

मेरो आफ्नो स्वभाव सन्तुलित छ । केही चिज प्राप्त गर्नका लागि झैँझगडा, किचलो गरेर सम्भव हुन्न भन्ने कुरा मलाई गहिरो बोध छ । गएको पाँच वर्षको कामले पनि त्यो पुष्टि गर्छ । सबैसँग समन्वय गरी काम गर्ने स्वभावले गर्दा नै जुनसुकै राजनीतिक उतारचढाव हुँदा पनि महानगरको गतिलाई रफ्तारमा अघि बढाउन सकिएको हो । वि.सं. २०७४ को स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेससँग सहकार्य थियो । पछिल्लो संघीय निर्वाचनमा एमालेसँग गठबन्धन भयो । त्यो परिस्थितिको बीचमा पनि सुरुदेखि अन्त्यसम्म एउटै रफ्तारमा महानगर अघि बढ्यो ।

राजनीतिक हिसाबले भन्दा महानगरको २९ वडामध्ये माओवादीले जितेको तीन वडामात्रै थियो भने कार्यपालिकामा ३९ सदस्यमध्ये जम्मा तीन जना थिए । सकेसम्म भरतपुरको विकास गर्ने हो, त्यो मिलेर मात्रै सम्भव छ भन्ने बोध थियो र सबैलाई सन्तुलन गरेर अघि बढेको हुँ । निर्वाचनमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा रहे पनि अब सबैले महानगरलाई कसरी विकसित, जनमुखी बनाउन सकिन्छ भन्नेमा नै केन्द्रित रहनुपर्छ । जुनसुकै पार्टीबाट निर्वाचित भएर आए पनि सबैले जनताकै काम गर्ने हो । समृद्ध भरतपुर बनाउने नै मेरो एउटै सपना छ । यसका लागि कसैप्रति कुनै आग्रह वा पूर्वाग्रह नराखी समन्वयात्मक ढंगबाट काम गर्न प्रतिबद्ध छु ।

> ✦ पहिलो पाँच वर्षमा विकासको आधार तयार भइसकेको छ, अब त्यसमा थप सिँढी बनाउँदै जाने गरी कामहरू अघि बढाउनेछौं ।
>
> ✦ मेरो आफ्नो आवश्यकताले भन्दा पनि भरतपुरको आवश्यकतालाई ध्यानमा राखेर दोहो¥याएको हुँ ।
>
> ✦ चुनावलाई आफ्नो पक्षमा ल्याउन मलाई प्रचण्डपुत्री भनेर बढी प्रहार गरेका थिए । त्यो खालको चुनौतीका बीच मलाई काम गरेर देखाउनुपर्छ भन्ने थियो । पाँच वर्षमा धेरै काम गतरेर देखाएँ ।
>
> ✦ भरतपुरवासीसँगको अन्तरंग सम्बन्ध र विश्वासको प्रतिफल नै दोस्रोपटक पनि मलाई अत्यधिक मत दिएर थप जिम्मेवारी सुम्पनुभएको छ । त्यो विश्वासलाई एक इञ्च पनि घट्न दिन्नँ ।
>
> ✦ आगामी पाँच वर्षमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, देशकै ठूलो तीन हजार क्षमताको अन्तर्राष्ट्रियस्तरको सिटी हल, नारायणी तटबन्ध र महानगरीय रिङरोड सम्पन्न हुन्छ । महानगरभित्रको फोहोर व्यवस्थापन दिगो रूपमा सम्पन्न गर्छौं ।

**यहाँको पहिलो कार्यकालमा फोहोरमैला व्यवस्थापनको सम्बन्धमा काम नै भएन भन्ने गुनासो छ नि ?**

फोहोरमैलाको दिगो सामाधानका लागि नयाँ, आधुनिक र नमूनाजन्य काम गर्न खोजेकै हो । अन्तर ाष्ट्रिय प्रविधिसहित कोरियन सरकारसँग सम्झौता गरिसकेका छौं । धेरै चरणमा छलफल गरेर गुरुयोजना बनाउने काम सबै टुंगिसकेको छ । महानगर, संघीय मामिला, अर्थ मन्त्रालय र कोरियन सरकारबीच काम अघि बढाएका छौं । कोरियन सरकारबाट एक अर्ब २५ करोडको अनुदान दिने निर्णय पनि भइसकेको छ । तर कोरियामा फैलिएको कोभिड महामारीका कारणले यो काम अघि बढाउन सकिएको छैन । अहिलेको स्थानीय तह निर्वाचन भएको भोलिपल्ट नै कोरियाबाट इमेल आइसकेको छ । छिटोभन्दा छिटो आउँछौं, काम अघि बढाउँछौं भन्ने जानकारी आएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सम्झौता गरेर अघि बढ्न खोजेका थियौं । २५ करोड रूपैयाँको लागतमा सम्झौता गरेर अघि बढिसकेका बेला कोरियाको प्रस्ताव आएपछि त्यसलाई केन्द्रसँगको सम्झौतालाई रोकेर यता अघि बढेको हो । कोभिडका कारणले ढिला भएको हो, अब फोहोर व्यवस्थापनको समस्या समाधान हुन्छ ।

**जनतासँग यहाँको भावनात्मक सम्बन्ध राम्रो भएको निर्वाचन परिणामले देखायो, त्यसलाई कायमै राख्न सक्नुहुन्छ ?**

पहिलो कार्यकालमा भरतपुरवासीसँग चिनजान भएसँगै अन्तरंग सम्बन्ध कायम भएको छ । त्यही सम्बन्ध र विश्वासको प्रतिफल नै दोस्रोपटक पनि मलाई अत्यधिक मत दिएर थप जिम्मेवारी सुम्पनुभएको छ । भरतपुरवासीको त्यो विश्वासलाई एक इञ्च पनि घट्न नदिई अझ फराकिलो बनाउनेछु । दोस्रो कार्यकालको पदवहाली गर्दै गर्दा तीन वटा महत्त्वपूर्ण कार्य गरेका छौं । भरतपुरमा छोरीहरू जन्मनेबित्तिकै बिमाको सुरुआत गरेका छौं । विपन्न समुदायलाई लक्षित गरेर सात हजार लिटर पानी निःशुल्क गरेका छौं । अर्को भनेको भूमिहीनलाई लालपूर्जाको कुरा पनि छ । यस्तै हामीले विगतमा पनि महिलासँग मेयर, जोखिममा परेका समुदायसँग मेयर भनी महानगरको नीति तथा कार्यक्रममा समावेश गरेर गौरवको कार्यक्रम राखेका छौं । यो जोखिममा परेका समुदाय र महिलालाई लक्षित गरेको कार्यक्रम हो ।

त्यस्तै छात्रालाई साइकल वितरणदेखि अति लोपोन्मुख र विपन्न समुदायका तीन हजार विद्यार्थीलाई छात्रवृत्ति दिएका छौं । यस्तै छात्रवृत्ति संघीय सरकारले जम्मा ४०० विद्यार्थीलाई मात्र दिन्छ । गरिबीका कारणले उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था रोक्न उनीहरूलाई वार्षिक १० हजार दिन थालको छौं । स्वास्थ्य, शिक्षा, रोजगारलगायत आधारभूत कुरालाई पूरा गर्न खोजेका छौं ।

**अबको कार्यकालमा तपाईंले गौरव गर्न लायक कुन-कुन योजना सम्पन्न गर्ने लक्ष्य राख्नुभएको छ ?**

आगामी पाँच वर्षमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सम्पन्न हुनेछ । देशकै ठूलो तीन हजार क्षमताको अन्तर्राष्ट्रियस्तरको सिटी हल सम्पन्न हुनेछ । त्यस्तै नारायणी तटबन्ध र महानगरीय रिङरोड सम्पन्न हुन्छ । नारायणीको ‘सिग्नेचर ब्रिज’ प्राथमिकतामा राखेको छु । महानगरभित्रको फोहोर व्यवस्थापन दिगो रूपमा सम्पन्न हुनेछ भने भरतपुरको पुल्चोक-गोद्राङ सडक ब्युटिफिकेसनसहित सम्पन्न हुन्छ । हरेक क्षेत्रका योजना अब ब्युटिफिकेसनसहित सम्पन्न गर्ने लक्ष्य छ । शिक्षक अस्पताल भर्खरै मन्त्रिपरिषद्ले निर्णय गरेको छ । नीति तथा कार्यक्रममासमेत समावेश छ । सुरुमा २०० शयचाको शिक्षक अस्पताल पाँच वर्षभित्रमा सञ्चालनमा आउँछ ।

यसैगरी भरतपुर विमानस्थल प्रदेशस्तरीय विमानस्थल भनेर सरकारको नीति तथा कार्यक्रममा पनि परेको छ । यस्तै मेघौली विमानस्थललाई चाहिँ कालोपत्रे गर्ने कामलाई अघि बढाउन लागिएको छ । यही आर्थिक वर्ष कालोपत्रे हुन्छ । समग्र महानगरको सौन्दर्यकरणमा ध्यान दिइनेछ । प्रविधिमैत्री महानगर बनाउँछौं । शिक्षा स्वास्थ्य, कृषि, पर्यटन हरेक क्षेत्रमा प्राथमिताका साथ अघि बढ्छौं ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

'धारा ७६ को उपधारा (९) मा जुनसुकै कुरा लेखिएको भएता पनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ,' संविधानको धारा ७८ को (१) मा उल्लेख छ ।

उपधारा (१) बमोजिम नियुक्त मन्त्रीले शपथग्रहण गरेको मितिले छ महिनाभित्र संघीय संसद्को सदस्यता प्राप्त गर्नपर्ने संविधानमा लेखिएको छ । 'उपधारा (२) बमोजिमको अवधिभित्र संघीय संसद्को सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रतिनिधिसभाको कार्यकालभर निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य हुने छैन,' धारा ७८ को उपधारा ३ मा भनिएको छ ।

यस्तै, संविधानको धारा ७८ को उपधारा ४ मा तत्काल कायम रहेको प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएको व्यक्ति त्यस्तो प्रतिनिधिसभाको कार्यकालमा उपधारा (१) बमोजिम मन्त्री पदमा नियुक्तिका लागि योग्य नहुने लेखिएको छ ।

**यस्तो छ गैरसांसद मन्त्रीको शृंखला**

गैरसांसदलाई मन्त्री बनाउने सुरुआत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । उनले ३ फागुन २०७४ मा प्रधानमन्त्रीको शपथ लिएसँगै डा.युवराज खतिवडालाई अर्थमन्त्री नियुक्त गरेका थिए । जतिबेला खतिवडा संसद्को सदस्य थिएनन् । उनको छ महिने अवधि सकिएपछि राष्ट्रिय सभा सदस्यमा नियुक्त गरेर फेरि अर्थमन्त्रीमै निरन्तरता दिइएको थियो ।

ओली त्यतिमा मात्र सीमित रहेनन् । प्रतिनिधिसभा विघटनपछि तत्कालीन नेकपाभित्र किचलो बढ्दा उनले आफूलाई साथ दिने पूर्वमाओवादी खेमाका दावा लामा तामाङलाई खेलकुदमन्त्री र मणिचन्द्र थापालाई खानेपानीमन्त्री बनाइदिए । उनीहरू संघीय संसद्का सदस्य थिएनन् । २०७७ पुस १० गते ओलीले टोपबहादुर रायमाझी, प्रभु साह, थापा, गौरीशंकर चौधरी र तामाङलाई मन्त्री नियुक्त गरेका थिए ।

त्यसपछि पनि ओलीले यसलाई निरन्तरता दिए । २०७७ फागुन २३ गते नेकपा नाम विवाद मुद्दामा सर्वोच्च अदालतले एमाले र माओवादीबीचको एकता भंग गर्दै दुवै पार्टीलाई ब्युँताइदिएको थियो । त्यसपछि तत्कालीन माओवादी सांसदहरू रामबहादुर थापा 'बादल,' रायमाझी, भट्ट, साह, चौधरी एमालेमै बसे । उनीहरूसँगै माओवादी नेताहरू थापा र तामाङ पनि एमालेमै बसे ।

लगत्तै माओवादीले बादललाई राष्ट्रिय सभा र अन्य चार जनालाई प्रतिनिधिसभा सदस्यबाट पदमुक्त हुने गरी कारबाही गर्‍यो । त्यसपछि उनीहरूको मन्त्री पद गुम्यो । मन्त्री पद गुमेपछि पनि उनीहरूले ओलीलाई साथ थिए । त्यसपछि तत्कालीन प्रधानमन्त्री ओलीले बादलबाहेकका चारजनालाई संविधानको धारा ७८ (१) अनुसार २७ चैत २०७७ मा र बादललाई ५ वैशाख २०७८ मा पुनः मन्त्री नियुक्त गरे ।

गैरसांसद पनि मन्त्री हुने संवैधानिक व्यवस्थाअनुसार नै उनीहरूले शपथ लिएका थिए। तर, २७ वैशाख २०७८ मा प्रधानमन्त्री ओलीले संसद्मा विश्वासको मत नपाएपछि उनीसहितका सबै मन्त्रीहरू स्वतः पदमुक्त भएका थिए ।

त्यसको तीन दिनपछि ओलीले ३१ वैशाख २०७८ मा संविधानको धारा ७६ (३) बमोजिम प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको हैसियतले प्रधानमन्त्रीका रूपमा शपथ लिएपछि त्यही दिन उनले मन्त्रिपरिषद् विस्तार गरेका थिए । त्यसमा गैरसांसद

## संविधानको गलत...

पृष्ठ १ बाट जारी

पूर्वमाओवादी खेमाका बादल, रायमाझी र भट्टसहितका सातजना मन्त्री बनेका थिए ।

तर, सर्वोच्च अदालतले उनीहरूको मन्त्री पद खोसिदिएको थियो । गैरसांसद मन्त्रीहरूले पुनः नियुक्ति पाउनु संविधान र कानुनविपरीत भन्दै सर्वोच्च अदालतले ६ जेठ २०७८ मा उनीहरूको नियुक्ति र शपथ बदर गरिदिएको थियो ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको एकल इजलासले उनीहरूलाई मन्त्रीको हैसियतमा काम गर्न रोक लगाउँदै अन्तरिम आदेश जारी गरेको थियो । त्यतिबेला बादल गृह, रायमाझी ऊर्जा, भट्ट उद्योग, साह सहरी विकास, थापा खानेपानी, चौधरी श्रम र तामाङ खेलकुदमन्त्री थिए ।

**संवैधानिक मर्यादाविपरीतको अभ्यास**

यसरी पटक-पटक गैरसांसद व्यक्ति मन्त्री बन्नु संविधानको मर्मविपरीत हुने बताउँछन् संविधानविद् भीमार्जुन आचार्य । यो एकदमै गलत अभ्यास भइरहेको आचार्यले बताए ।

उनले संविधानमा गैरसांसद व्यक्तिले छ महिना मन्त्री हुन पाउने व्यवस्था राख्नुको 'मक्सद' कुनै विज्ञ व्यक्तिको विज्ञता सरकारलाई आवश्यक परेका बेला प्रयोग गर्ने प्रयोजनका लागि भएको बताए । तर, राजनीतिक अभिष्ट पूरा गर्न गैरसांसदलाई मन्त्री बनाउने कामलाई निरन्तरता दिँदा संविधानको जुन उद्देश्य हो, त्यसमाथि नै कुठाराघात हुने उनको भनाइ छ ।

'संविधान संसद्को सदस्य नभएको व्यक्ति छ महिनाका लागि मन्त्री हुन पाउने जुन प्रावधान राख्यौं, त्यसको अभिप्राय र संवैधानिक दर्शन भनेको राजनीतिमा काम गर्न इच्छा नहुने थुप्रै विज्ञ व्यक्तिहरू हुन सक्छन् । जसको कुनै राजनीतिक दल हुँदैन, राजनीतिप्रति इच्छा हुँदैन तर, ख्यातिप्राप्त गरेको, विज्ञता हासिल गरेका हुन्छन् उनीहरूलाई स्थान दिनका लागि हो,' आचार्यले प्रभावसँग भने, 'कहिलेकाहीँ सरकारलाई त्यस्ता विज्ञ व्यक्तिको आवश्यकता पर्‍यो भने, मन्त्रीमण्डललाई आवश्यक पर्‍यो भने तिमी सांसद नभएर के भो र ? छ महिनाका लागि म मन्त्री बनाउँछु । तिमी आएर राज्यलाई, सरकारलाई सहयोग गर । तिम्रो विज्ञताको साथ देऊ भन्ने अवधारणामा संविधानमा त्यो प्रावधान राखिएको हो ।'

तर, राजनीतिक अभिष्ट पूरा गर्नका लागि संविधानको गलत अभ्यास भइरहेको उनको टिप्पणी छ । अबको केही महिनापछि प्रदेश र प्रतिनिधिसभाको निर्वाचन गराउने दायित्वमा रहेको सरकारले मन्त्रीमण्डल हेरफेर गर्नु नै गलत भएको उनी बताउँछन् । त्यसमा झन् गैरसांसदलाई मन्त्री बनाउन खोज्नु औचित्यहीन भएको संविधानविद् आचार्यको टिप्पणी छ ।

'हामीले स्थानीय तहको निर्वाचन सम्पन्न गरिसक्यौं । अब मंसिरभित्र प्रदेश र प्रनितिधिसभाको निर्वाचन गनुपर्ने संवैधानिक बाध्यता रहन्छ । यस्तो समयमा मन्त्रीमण्डल हेरफेर गर्नु नै उपयुक्त मानिँदैन । त्यसमाथि झन् सांसद नै नभएको व्यक्तिलाई मन्त्री बनाउनुको के औचित्य ?,' अचार्यको प्रश्न छ, 'ती व्यक्तिलाई ल्याउनुपर्ने कारण के ? केही पनि औचित्य छैन । आफ्नो दलीय स्वार्थका लागि, गुटको स्वार्थका लागि यसो गरेको देखिन्छ ।'

यस्तै धारणा छ नागरिक अगुवा श्याम श्रेष्ठको पनि । पटक-पटक गैरसांसदलाई मन्त्री बनाउँदा राजनीतिक अस्थिरता निम्तिने उनको बुझाइ छ । राजनीतिक दलहरूले मन्त्री पदलाई बाँडेर खाने विषय बनाएको श्रेष्ठको टिप्पणी छ ।

'जुन कुरा नितान्त गलत हो । यसले राजनीतिक अस्थिरता निम्त्याउँछ । जसले एउटा खास मन्त्रालयमा खास मन्त्रीलाई गतिलोसँग काम गर्न दिँदैन । देशको सेवा गर्न योग्य मान्छेलाई मन्त्री बनाएर पठाउने हो । पठाएको मान्छेलाई लामो समयसम्म काम गर्न दिने हो,' श्रेष्ठ भन्छन्, 'कार्यसम्पादनका आधारमा पो हटाउने, राख्ने गर्ने हो । कुनै मन्त्रीको कार्यसम्पादन राम्रो छ भने त्यसलाई निरन्तरता दिने । कोही भ्रष्ट भयो भने निकाल्ने हो । अयोग्य भयो भने निकाल्ने हो । तर, अहिले जे भइरहेको छ त्यो विल्कुल नमिल्ने कुरा भइराखेको छ । गलत भइराखेको छ ।'


# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TRANS RESOURCES CORPORATION SDN BHD**

पूर्व स्वीकृति मिति २०७८/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ | LT. No.261469 | चलानी नं. ६०१७७७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 60 | 0 | 1200 | ३४,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : जेठ ३० गते (13th June. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** (श्रम ईजाजत नं. ६३०/०६३/०६४)
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



# URGENTLY WANTED!!!

A Reputed Foreign employment Agency is looking for suitable candidates for the given post.

**1. Documentation Executive: 1** *(Female/Male)*

***Qualification/Experience:***

*- Should be mature & responsible,*
*-Minimum +2 passed,*
*-Well versed in Computer Application (words, photoshop, excel),*
*-Able to communicate in english & experienced in manpower agency will be given preference,*
*-Able to do Saudi MOFA documentation.*

**License holders are are given more priority for the position.**

**बि.डी. ग्रुप म्यनपावर प्रा. लि.** (श्रम ईजाजत नं. १३७२/०७४/०७५)
सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल फोन नं. ०१-४५५९२२०
फ्याक्स नं. ०१-४३५९२२० इमेल :- bdgroupmanpower1@gmail.com
वेवसाइट :- bdgroupnepal.com , Contact: +977 984-7131147



# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PALAZZO HOTEL COMPANY**

पूर्व स्वीकृति मिति :२०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मितिः २०७९/०२/२२ | LT No.260187 | चलानी नं. ६०१७६४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 130 | ५२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 16 | 100 | ४०,६२५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा जेठ ३० गते (13th June. 2022 )मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.** (श्रम ईजाजत नं. ७५१/०६४/०६५)
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095
9841887602, Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GULF CONTRACTING CO. WLL**

पूर्व स्वीकृति मिति २०७८/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ | LT. No. 255051 | चलानी नं.६०१७१५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light) | 12 | 0 | 1500 | ५१,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.** (Licence No.: 811/065/066)
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



# मलेसियामा रोजगारको अवसर

कम्पनी : **EQUATOR ENGINEERING SDN .BHD.**

पूर्व स्वीकृति मिति २०७९/०२/१३ | LT. No. 263772 | चलानी नं.६०१८०४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 50 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशूल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aakriti Recruiting Pvt. Ltd.** (श्रम ईजाजत नं. ९१७/०६७/०६८)
Sinamangal Road (Near Hope Hospital), Kathmandu, Nepal, Tel.: +977-1-4110811, 4110826,
Email: aakritirecruiting@gmail.com, Web: www.arplteam.com, www.aakritirecruiting.com.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MANSOUR FARRAJ AL-FARAJ CAFE FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति २०७९/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ | LT. No. 262621 | चलानी नं. ६०१७८९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 1 | 0 | 1500 | ४९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hospitality Worker | 2 | 0 | 1200 | ३९,८१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BASHAYER ALKHER FACTORY FOR DIARY AND CHEESE PRODUCTION**

पूर्व स्वीकृति मिति २०७९/०२/१९ | LT. No. 264163 | चलानी नं.६०१८०२९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 120 | ४८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Production Worker | 8 | 0 | 120 | ४८,७५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) 9:30 AM मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.** (श्रम ईजाजत न .७९७/०६५/०६६)
Ganesh Basti Chakrapath Maharajgunj, Kathmandu
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



# नरैनापुर गाँउपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**नरैनापुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## निर्माण कार्य बारेमा अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति :- २०७८/०२/२३**

यस कार्यालय अन्तर्गत बमोजिमका योजनाहरु तोकिएको समयावधि भित्रै कार्य सम्पन्न गर्न पटक - पटक लिखित मौखिक रुपमा जानकारी गराउंदा समेत म्याद भित्र सम्पन्न हुन नसकेको/नसक्ने देखिएकोले काम सम्पन्न नसक्नुको लिखित कारण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आधिकारिक प्रतिनिधिले यस कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ अन्यथा ठेक्का सम्झौताको शर्त, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) एवम् नरैनापुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७र अन्य प्रचलित कानून बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ कारवाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| *1* | NRM/WORKS/NCB/ID/ ROAD/06/2078-079 | Construction & Upgrading of Road From Hulaki road to Baniya village, Naranapur-1, Banke | *K.R. Construction Kohalpur-10, Banke* |
| *2* | NRM/WORKS/NCB/ID/ ROAD/07/2078-079 | Construction & Upgrading of Road From Hulaki road to Kalagaun Village, Naranapur-3, Banke | *Bastekoti - Umar JV Duduwa-4, Banke* |
| *3* | NRM/WORKS/NCB/ID/ ROAD/08/2078-079 | Construction & Upgrading of Road in Sanbarsha Village, Naranapur-6, Banke | *Bastekoti - Umar JV Duduwa-4, Banke* |

**नि. प्रमुख प्रशासकिय अधिकृत**

# प्रभाव दैनिक


## रूपशाला



### केकेको निधन मायोकार्डियल इन्फ्र्याक्सनबाट

केकेका रूपमा परिचित भारतीय गायक कृष्णकुमार कुन्नथको पोस्टमार्टम र अटोप्सी रिर्पोट कोलकाता प्रहरीलाई हस्तान्तरण गरिएको छ । दुवै रिपोर्टमा गायकको मृत्युको कारण 'मायोकार्डियल इन्फ्र्याक्सन' मानिएको छ । रिपोर्टअनुसार कोलेस्ट्रोलको सञ्चयले इन्ट्रामस्क्युलर धमनीलाई निकै संकुचित बनाएपछि मुटुबाट रगतका पम्पिङ प्रभावित भएको थियो । यही कारण कोरोनरी धमनीमा पनि रोकावट आएका थियो ।


सोमबार, २३ जेठ २०७९ (Monday, June 6, 2022)


# बगानमार्फत निर्देशनमा सरोजको डेब्यू




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता सरोज खनालले फिल्म 'बगान'बाट निर्देशनमा पाइला चालेका छन् । आइतबार काठमाडौंको चाबहिलस्थित चलचित्र विकास बोर्डको हलमा फिल्मबारेमा जानकारी दिँदै 'इन्ट्रो टिजर' र पहिलो गीत 'तिम्रो सुन्दर आँखा' सार्वजनिक गरियो ।

फिल्ममा सरोज खनालसँगै नीर शाह, बसुन्धरा भुसाल, मिथिला शर्मा, करिश्मा मानन्धर, आकाश श्रेष्ठ, नवअभिनेत्री प्रमिला कार्कीलगायतको अभिनय छ । सार्वजनिक गीतमा सुरेश वाग्लेको शब्द सृजनन, सुभाष भुसालको संगीत तथा सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर छ । भिडियोमा आकाश र प्रमिला फिचर्ड छन् । गीतमा कविराज गहतराजको कोरियोग्राफी छ ।

अभिनेता तथा निर्देशक खनालले आफ्नो फिल्ममा अभिनय गरेर सिकेको ज्ञान र अनुभवलाई निर्देशनमा प्रयोग गर्ने प्रयास गरेको बताए । 'मेरो फिल्मले व्यापारमा रेकर्ड नराख्ला, तर नेपालमा यति राम्रो पनि फिल्म बन्छ भनेर गर्व गर्न लायक फिल्म चाहिँ बनाएको छु । फिल्म मनोरञ्जनको माध्यम हो । तर, हामीहरू जस्तो मान्छेले समाजलाई केही सन्देश पनि दिनुपर्छ जस्तो लाग्छ', उनले भने ।

अभिनेता आकाशले सरोज खनालजस्तो कलाकारको निर्देशनमा काम गर्न पाउनु आफ्नो सौभाग्य रहेको बताए । फिल्ममा भूमिका सानो भएपनि प्रभावकारी रहेको उनको भनाइ छ । नवअभिनेत्री कार्कीले मुर्धन्य कलाकारहरूसँग काम गर्न पाएकोमा खुसी व्यक्त गरिन् । फिल्मका निर्माता सुरेश वाग्लेले कथावस्तुले मन छोएपछि लगानी गर्न तयार भएको बताए ।

फिल्ममा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहालको छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहको सम्पादन, समीर मियाँको भीएफएक्स तथा रेनिश फागोको कलर करेक्शन रहेको छ । साउन्ड मिक्सिंग मुकेश शाह र ब्याकग्राउण्ड स्कोर द एक्स ब्याण्डका शिव मुखियाको रहेको छ । फिल्मका निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता अभिनेत्री करिश्मा मानन्धर हुन् ।

# 'सम्झना र बिर्सना' असार ३१ मा आउने



**काठमाडौं (प्रस)–** प्रेमकथामा आधारित फिल्म 'सम्झना बिर्सना'को नयाँ प्रदर्शन मिति तय भएको छ । स्थानीय तह चुनावका कारण पूर्वनिर्धारित रिलिज मिति स्थगित भएको थियो । अब भने यो फिल्म ३१ असारमा प्रदर्शन हुनेछ ।

पूजा शर्मा र आकाश श्रेष्ठको प्रमुख भूमिका रहेको फिल्मको निर्देशन निमेश प्रधानले गरेका हुन् । अद्वितीय प्रधानको प्रस्तुति र रेबिका प्रधान निर्माता रहेको फिल्ममा सुनिल थापा, छुल्टिम गुरुङ र शिशिर राणाको अभिनय छ ।

दार्जिलिङ, सिलीगुडी र सिक्किमका रमणीय स्थानमा खिचिएको फिल्मलाई आरआर फिल्म्सले वितरण गर्दैछ । निर्देशक निमेषकै कथा, पटकथा रहेको फिल्मको संवाद लेखनमा उनलाई अभिनेता राणाले सघाएका छन् । शिव ढकालले खिचेको फिल्मको गीतमा राजन इशान र सुदर्शन तामाङको संगीत, कमल राईको कोरियोग्राफी र तारा थापा 'किम्भे'को सम्पादन छ । यसअघि 'परेलीमा लुकाउँछु' बोलको गीत दर्शकमाझ आइसकेको छ ।




# अस्ट्रेलियाको सिड्नीमा नाइटी इन्फिनिटी हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली गायकहरूले अस्ट्रेलियाको सिड्नीमा सांगीतिक प्रस्तुति दिने भएका छन् । युवा पुस्तामा रूचाइएका नेपाली गायकहरूले सांगीतिक प्रस्तुत दिन लागेका हुन् । नेपाली टचले एक्सपर्ट एजुकेसनको आयोजनामा सिड्नीमा 'नाइटी इन्फिनिटी' कार्यक्रम हुन लागेको छ । जसमा नेपाली गायकहरू स्वप्न सुमन, ओएसिस थापा, एकदेव लिम्बू तथा छेवाङ लामाले आफ्नो प्रस्तुती दिनेछन् ।

यही ९ जुन अर्थात २६ जेठमा सिड्नीको डार्लिङ हार्बरस्थित होम द भेन्यूमा कार्यक्रम आयोजना हुनेछ । उक्त कन्सर्टको टिकट अनलाइन मार्फत लिन सकिने आयोजक संस्थाले जनाएको छ । १८ वर्षमाथिका दर्शकहरूले सहभागिता जनाउने सक्ने उक्त कार्यक्रम स्थानीय समयअनुसार राति ८ बजेदेखि सुरु हुनेछ ।


# Government of Nepal (GoN)
# Mikwakhola Rural Municipality
## Thalang, Taplejung



## Invitation for Bids

**Invitation for Bids No: MRMTT/NCB/Works/No-03-078/79**

**Date of publication:2079/02/23 (2022/06/06)**

**Name of the Development Partner:NA**

**Loan/Credit/Grant No :NA**

1. The Government of Nepal Mikwakhola Rural Municipality has allocated funds or received a loan/credit/grant from [GoN/or Mikwakhola Rural Municipality towards the cost of Construction of Multipurpose Covered Hall and intends to apply part of the funds to cover eligible payments under the Contract for MRMTT/NCB/Works/No-03-078/79. Bidding is open to all eligible as per Section V of bidding document.
2. Mikwakhola Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction of Multipurpose Covered Hall with Canteen & Toilet under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 3,40,93,513.00
   - Minimum Work experience of similar size and nature: 1number of project and 1,54,09,497.00 of project
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mikwakhola RM, Thalang,Taplejung, ito.mikwakholamun@gmail.com, 9842642539 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office Mikwakhola RM through online and the office through online by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5,000.00 till 2079/03/22(2022/07/06) during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Limited Name of Office : MIKWAKHOLA GA.PA.
   Office Code no. 1125401 Office Account no.: 06203000001001000001(For Bid Document Price.)
   Rajaswa (revenue) Shirshak no. :………………………………….
   Dharauti Khata GA 3062030000030000000001 (For Bid Security)
6. Pre-bid meeting shall be held at Mikwakhola RM at 2079/03/03 (2022/06/17 )
7. Sealed or electronic bids must be submitted to the office Mikwakhola RM by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2079/03/22 (2022/07/06 ). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/03/22 (2022/07/06). at the office of Mikwakhola RM. Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of Nrs. 4,81,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2079/03/22 (2022/07/06) 13:00 .
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer
Mikwakhola Rural Municipality
Thalang,Taplejung


## रंगशाला

# सोमपाल र रोहित चम्किँदा नेपालको जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमपाल कामी र रोहित पौडेल चम्किएपछि आइसीसी विश्वकप क्रिकेट लिग २ का लागि अमेरिकामा रहेको नेपाली राष्ट्रिय क्रिकेट टिमले दोस्रो अभ्यास खेलमा ह्युस्टन हरिकेन्सलाई २९ रनले पराजित गरेको छ । नेपालले दिएको २५१ रनको लक्ष्य पछ्याएको हरिकेन्सले ४३.३ ओभरमा सबै विकेट गुमाएर २२१ रनमात्र समेटियो । हरिकेन्सका निनाद निम्बलकारले सर्वाधिक ९९ रन बनाए । यस्तै, रमिज राजा जुनियरले २९ र एन्ड्रिस गोअसले २८ रन बनाए ।

बलिङमा नेपालका सोमपालले सर्वाधिक पाँच विकेट लिए । यसबाहेक, किशोर महतो र सागर ढकालले समान दुई विकेट लिँदा करण केसीले एक विकेट हात पारे ।

यसअघि टस जितेर ब्याटिङमा आएको नेपालले ४९.१ ओभरमा सबै विकेट गुमाउनुअघि २५० रनको योगफल तयार गरेको थियो ।

नेपालको ब्याटिङमा कप्तानी सम्हालेका रोहितले शतकीय इनिङ खेले । रोहितले ९० बलमा पाँच चौका र चार छक्कासहित एक सय एक रन बनाए । आरिफ सेखले ४१ रन बनाउँदा, देव खनालले १९, दीपेन्द्रसिंह ऐरीले २४, सुनिल धमलाले १३ र करण केसीले १२ रन बनाए ।

हरिकेन्सका मोहम्मद इल्यासले सर्वाधिक पाँच विकेट लिए । यस्तै, हर्मित सिंहले दुई र हसन रासिदले एक विकेट लिए । यसअघि पहिलो अभ्यास खेलमा नेपाल अल स्टार्ससँग चार विकेटले पराजित भएको थियो ।

नेपालले अमेरिकामा त्रिदेशीय क्रिकेट शृंखला खेल्ने तालिका छ । नेपालले शृंखलाको पहिलो खेलमा २६ जेठमा ओमान, २८ मा अमेरिका, ३१ मा ओमान र १ असारमा अमेरिकाको समना गर्नेछ ।



भारतको अहमदाबादस्थित सडकमा आइतबार आफ्नो ऊँट लिएर हिँड्दै एक व्यक्ति ।

*तस्बिर: एपी*

# बंगलादेशमा आगलागी : ३८ को मृत्यु

**चट्गाउँ, बंगलादेश–** बंगलादेशको दक्षिण पूर्वीसहर चट्गाउँको सीताकुण्ड भन्ने स्थानमा रहेको एउटा कन्टेनर डिपोमा शनिबार भएको आगलागी परेर ज्यान गुमाउनेको संख्या ३८ पुगेको छ । अझै पनि मृतकको संख्या बढ्नसक्ने एक वरिष्ठ स्वास्थ्य अधिकारीले बताएका छन् ।

चटगाउँको प्रमुख दक्षिणी बन्दरगाहबाट करिब ४० किलोमिटर टाढा रहेको सीताकुण्डमा रहेको भित्री कन्टेनर भण्डारण केन्द्रमा शनिबार राति करिब ९:३० बजे आगलागी भएको थियो । आगलागीमा परेर ३८ को ज्यान गइसकेको प्रहरी अधिकारीले पुष्टि गरेका छन् ।

चट्गाउँ जिल्लाका प्रहरी प्रमुख मोहमद मोमिनुर रहमानले शनिबार राति आगो लागेको र त्यस भीषण आगलागीमा पाँच अग्निनियन्त्रकसहित ३८ को मृत्यु भएको बताएका हुन् ।

आगो अझै पूर्णरूपमा नियन्त्रणमा नआएकाले मृतकको संख्या बढ्नसक्ने अनुमान गरिएको स्वास्थ्य विभागका निर्देशक हसन सहरियारले एएफपीलाई बताएका छन् । आगलागी भएको करिब एक घण्टापछि सयौं मानिसले आगो निभाउने प्रयास गरिरेहको अवस्थामा केमिकल राखेका धेरै कन्टेनर विष्फोट भएको बताइएको छ । सो आगलागीमा परी ४० अग्निनियन्त्रक र १० प्रहरीसहित २०० भन्दा बढी घाइते छन् ।



अधिकारीले आइतबार बिहानसम्म उद्धारको काम जारी रहेको जानकारी दिएका छन् ।

यहाँका दर्जनौं अग्निनियन्त्रक समूहलाई आगो निभाउन लगाइएको छ । आगलागीसँगै ठूलो विष्फोट पनि भएकोले दर्जनौं अग्नि नियन्त्रकसहित घाइते भएका थिए ।

चटगाउँको एक स्थानीय अस्पतालका चिकित्सकले जलेको अवस्थामा रहेका कैयौं मानिस गम्भीर अवस्थामा रहेको पनि बताएका छन् । *रासस/एएफपी*

# पाकिस्तानी प्रधानमन्त्री शेहबाजलाई पक्राउ गर्न अनुमति माग

**इस्लामाबाद, पाकिस्तान–** पाकिस्तानको संघीय अनुसन्धान एजेन्सी (एफआइए)ले अदालतसमक्ष प्रधानमन्त्री शेहबाज शरीफ, उनका छोरा र पञ्जाब प्रान्तका मुख्यमन्त्री हम्जा शेहबाजलाई १६ अर्ब रूपैयाँको सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ गर्न अनुमति दिन अनुरोध गरेको छ ।

यद्यपि, अदालतले उनीहरूको अन्तरिम जमानतलाई जुन ११ सम्म लम्ब्याएको छ ।

शरीफ परिवारका वकिल मोहम्मद अमजद परवेजले बताएअनुसार उक्त मुद्दामा डेढ वर्षदेखि अनुसन्धान चलिरहेको छ । तर, अझै पनि एफआइएले उनका विरुद्ध कुनै प्रमाण पेस गर्न सकेको छैन ।

अमजद परवेजले मनी लान्ड्रिङ मुद्दामा जमानत पुष्टि गर्न आफ्नो तर्क पेस गर्न थालेपछि दुवै एिमएल-एन नेता अदालतबाट बाहिरिएका थिए । दुवैजना जेलमा हुँदा एफआइएले बाबु-छोरालाई सोधपुछ गरेको वकिलले बताएका छन् ।

न्यायाधीशले अन्य सबै सरोकारवालालाई अर्को सुनुवाइमा आफ्नो तर्क प्रस्तुत गर्न आदेश दिएका छन् । अर्को सुनुवाइ जुन ११ हुनेछ । सुलेमान शाहबाज, ताहिर नक्वी र मलिक मकसूदविरुद्ध गैरजमानती वारेन्टको रिपोर्ट पेस गर्न एफआइएलाई निर्देशन दिइएको छ ।

अर्कोतर्फ, रमजान चिनी मिल र आशियाना हाउजिङ मुद्दामा सुनुवाइका क्रममा पाकिस्तानी प्रधानमन्त्रीले उपस्थित भएर आफ्नो तर्क राख्न पाउन अनुरोध गरेका थिए । नेसनल एकाउन्टेबिलिटी ब्युरो (एनएबी)ले अदालतमा मुद्दा दायर गरेको थियो । सुनुवाइको क्रममा अभियोजक असदुल्लाह मलिकले भ्रष्टाचारका मुद्दासँग सम्बन्धित रेकर्ड प्रस्तुत गर्ने साक्षीहरू पेस गर्न माग गरेका थिए ।

सबै बहस सुनेपछि सुनुवाइ जुन २० गतेसम्मका लागि स्थगित गरिएको छ । जिओ टिभीका अनुसार शहबाजलाई आशियाना हाउजिङ मुद्दामा अभियोग लगाइएको छ ।

फेडरल इन्भेस्टिगेसन एजेन्सी (एफआइए)ले सन् २०२१ को डिसेम्बरमा शहबाज र हम्जाविरुद्ध चिनी घोटाला प्रकरणमा १६ अर्ब रूपैयाँको धनको अपचलनमा संलग्न भएको आरोपमा विशेष अदालतमा चलान पेस गरेको थियो । एफआइएले उनीहरूलाई नोभेम्बर २०२० मा पाकिस्तान दण्डसंहिता, भ्रष्टाचार निवारण ऐन र एन्टी मनी लान्ड्रिङ ऐनअन्तर्गत मुद्दा दायर गरेको थियो । *रासस/एएनआई*


## रद्द गरिएको सूचना

यस प्रभाव दैनिकको वर्ष ९ अंक ४१ जेठ २१ गते २०७९ मा प्रकाशित **MIMOSA OVERSEAS PVT. LTD.** को Lot No. **247627** को विज्ञापन भुलबस छापिएको हुँदा, यस विज्ञापनलाई रद्द गरिएको जानकारी गराइन्छ ।

Govt. License 948/067/068 **Mimosa Overseas Pvt.Ltd**
Sinamangal 09 ,kathmandu,Nepal, Phone No:-+977-1-4491480
Fax No:- +977-1-4491443, Email:-mimosaoverseas2021@gmail.com
www.mimosaoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL-RAED SECURITY CO.**

पूर्व स्वीकृति मिति २०७८/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ | LT. No. 257334 | चलानी नं. ६०१७३८२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 125 | ५०,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ARABIAN FARMS DEVELOPMENT CO. LTD.**

पूर्व स्वीकृति मिति : २०७९/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२२ | LT. No.262111 | चलानी नं.६०१७८३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Electrician | 1 | 0 | 1200 | ३९,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Welder | 1 | 0 | 1200 | ३९,८१० | | | | | | | |
| 3 | Labor | 12 | 0 | 1000 | ३३,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५०० /- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 41151191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.np


# उत्तर कोरियाद्वारा आठ छोटो दूरीका मिसाइल परीक्षण

**सियोल (दक्षिण कोरियो)–** प्योङ्याङले आइतबार आठवटा छोटो दूरीका ब्यालेस्टिक मिसाइल परीक्षण गरेको दक्षिण कोरियाली योनहाप समाचार एजेन्सीले दक्षिण कोरियाली सेनालाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

यसअघि आइतबार योनहापले दक्षिण कोरियाली स्रोतलाई उद्धृत गर्दै उत्तर कोरियाले आइतबार जापान सागरतर्फ कम्तीमा दुई स्थानबाट थुप्रै ब्यालेस्टिक मिसाइल प्रहार गरेको जनाएको थियो ।

यसैबीच दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले एउटा अज्ञात ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको घोषणा गरेको छ ।

योनहापले दक्षिण कोरियाली जोइन्ट चिफ अफ स्टाफ (जेसिएस)लाई उद्धृत गर्दै प्योङयाङले आइतबार कम्तीमा दुई स्थानबाट आठ वटा छोटो दूरीका ब्यालिस्टिक मिसाइल परीक्षण गरेको बताएको हो । रासस/एएनआई


## अधिकतम खुद्रा बिक्री मूल्य (M R P) सुची प्रकाशन सूचना

यस अल्फा अटोमोटीभ प्रा.लि. ले रोयल इन्फिल्ड : ए युनिट अफ आइसर मोटोर्स लि. भारत बाट पैठारी गरेको देहाय मालबस्तुहरुकोअधिकतम खुद्रा मूल्य (M R P) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता (CC) | उत्पतिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Royal Enfield Classic 350 cc | Motorcycle | Royal Enfield | Classic | 350 | भारत | १ | 6,99,000.00 | 6,99,000.00 | |
| 2 | Royal Enfield Meteor Fireball 350 cc | Motorcycle | Royal Enfield | Meteor Fireball | 350 | भारत | १ | 8,75,000.00 | 8,75,000.00 | |
| 3 | Royal Enfield Meteor Steller 350 cc | Motorcycle | Royal Enfield | Meteor Steller | 350 | भारत | १ | 8,95,000.00 | 8,95,000.00 | |
| 4 | Royal Enfield Meteor Supernova 350 cc | Motorcycle | Royal Enfield | Meteor Supernova | 350 | भारत | १ | 9,35,000.00 | 9,35,000.00 | |

बिक्रेता फर्मको नाम : **ALPHA AUTOMOTIVE PVT. LTD**
ठेगाना : का.म.न.पा. २८, पुतलीसडक, काठमाण्डौ, नेपाल
एक्जीम कोड नं. ६१००५५६९६०११२NP
फोन नं. ०१-५३५०००९



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : WANSERN TECHNOLOGY SND. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०२/१८ | LT. No. 264038 | चलानी नं. ६०१८०३४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : BUDIPADU MANTAP SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०२/१८ | LT. No. 264037 | चलानी नं. ६०१८०३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 1500 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ ३० गते (13th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० /- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
P.O.BOx: 11716, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्प्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्प्युनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९७८०० | प्रति तोला - ९७३ ०० | प्रति तोला - १२७० |



झापाको दमक नगरपालिका वडा नं. १० का किसान चैते धान काट्दै । अहिले झापालगायत तराईका धेरै भेगमा चैते धान काट्ने बेला भएको छ ।
*तस्बिरः यज्ञराज आङ्देम्बे/रासस*

# पुँजीगत खर्च निराशाजनक

■ प्रभाव संवाददाता

**काठमाडौं** – चालु आर्थिक वर्षको बजेटमा सरकारले लिएको पुँजीगत खर्च गर्न सकेन । सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दा फ्प ँजीगत खर्च बढाउने विषयलाई प्राथमिकतामा राख्दै आएपनि सो अनुसार कार्यान्वयन गर्न नसक्दा पुँजीगत खर्च गर्न नसकेको हो ।

अर्थमन्त्रालयको हरेक दिनमा चासो रहने विकास निर्माणको काममा दिने गरेपनि सो अनुसा सम्बन्धित मन्त्रालयबाट कार्यान्वयन नभ(एपछि सरकार आफ्नो लक्ष्यबाट चुक्दै आएको छ । समस्याको पहिचान र समाधानका उपाय खोज्ने भन्दै अर्थ मन्त्रालयले पटक-पटक बैंठक र गोष्ठीको आयोजना गरे पनि त्यो बैठक गोष्ठी समेत प्रभाबकारी हुन सकेन । भने समस्या समधान गर्न सरकारले कुनै उपाय समेत अहिलेसम्म भेटेको छैन ।

विकास निर्माणको कामले गति लिन नसकेकामा सरकारी, गैरसरकारी निकाय तथा सम्बद्ध सरोकारवालाको ध्यान पनि गएपनि प्रत्येक वर्ष खर्च भने नहुँदै आएको छ । सरकारले राष्ट्रिय गौरव, रणनीतिक महत्त्वका राष्ट्रिय प्राथमिकता प्राप्तदेखि 'गेम चेञ्जर' परियोजनाको रूपमा धेरै आयोजनाको सूचीकरण समेत गरेको छ । तर सोही आयोजनाको प्रगती भने नाजुक रहेका छन् । संसदीय समितिहरूले यसमा नियमित चासो दिएपनि कार्यान्वयन भने हुने गरेको छैन ।

वर्तमान सरकार गठन भएपछि अर्थमन्त्री जनार्दन शर्माले हरेक महिना १० प्रतिशतको दरले पुँजीगत खर्च गर्ने घोषणा गरेका थिए । विकासे मन्त्रालयका मन्त्री, सचिव, आयोजना प्रमुखसँग लगातार संवाद मन्त्री शर्माले गरे पनि सो कार्यबाट पनि पुँजीगत खर्चमा भने सुधार आएन । महालेखा नियन्त्रणको कार्यालयका अनुसार विकास निर्माणमा हुन नसकेको निष्कर्ष निकालेको छ । सो कार्यालयको रेकर्डमा रहेको विवरण अनुसार सरकारको कूल खर्च ६० दशम(लव २८ प्रतिशत बराबर भएको देखाइएको छ ।

सरकारले हालसम्म ९ खर्ब ८४ अर्ब २९ करोड ३२ लाख बराबर मात्र खर्च गरेको उल्लेख छ । यो खर्चमा प्रशासनिक खर्चको मात्रा बढी देखिन आएको छ । यस आर्थिक वर्षमा सरकारले १६ खर्ब ३२ अर्ब रूपैयाँ खर्च गर्ने लक्ष्य राखेको थियो । चालु खर्चमात्रै ७ खर्ब ७२ अर्ब ४२ करोड ६२ लाख रूपैयाँको भएको उल्लेख गरिएको छ । पुँजीगत खर्च १ खर्ब २९ अर्ब ३८ करोड ४७ लाख रूपैयाँको भएको रेकर्ड कार्यालयले राखेको छ । सरकारले यही जेठ २० गतेसम्मको पुँजीगत खर्च ३४ दशमलव २२ प्रतिशतमात्र खर्च गर्न सकेको छ । चालु आर्थिक वर्षमा ३ खर्ब ७८ अर्ब ९ करोड ७७ लाख रूपैयाँको पुँजीगत खर्च गर्ने सरकारको लक्ष्य थियो ।

वित्तीय व्यवस्था तर्फ ८२ अर्ब ४८ करोड २३ लाख रूपैयाँको खर्च भएको जन(इएको छ । सरकारले १ खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख रूपैयँको वित्तीय व्यवस्थातर्फ खर्च हुने गरी बजेट विनियोजन गरेको थियो । सरकारले हालसम्म कूल लक्ष्यको ७७ दशमलव ०७ प्रतिशत बराबरमात्रको राजस्व संकलन गरेको छ । कोषका अनुसार जेठ २० गतेसम्म सरकारको ढुकुटीमा ९ खर्ब ६६ अर्ब ८६ करोड ४६ लाख रूपैयाँमात्रा जम्मा भएको जनाएको छ । त्यसमा राजस्व मात्रै ९ खर्ब ९ अर्ब ८९ करोड १८ लाख रूपैयाँ संकलन भएको जनाएको छ ।

कर राजस्व तर्फ ८ खर्ब ४२ अर्ब ५४ करोड ३७ लाख रूपैयाँ संकलन भएको छ । गैरकरतर्फ ६७ अर्ब ३४ करोड ८१ लाख रूपैयाँ संकलन भएको आन्तरिक राजश्व विभागले जनाएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्म सरकारले राजस्वतर्फ कर, गैरकर, अनुदान र ऋण सहयोग गरी कूल १२ खर्ब ४० अर्ब ५२ करोड ३ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ । कूल लक्ष्यमध्ये हालसम्म ७७ दशमलव ९४ प्रतिशत बराबरको प्रगति गरेको जनाएको छ । बाँकी अवधिमा सरकारको राजस्व लक्ष्य भने पूरा हुने अर्थ मन्त्रालयको दाबी रहेको छ ।

२०७८ जेठ २० गते लक्ष्यको कूल ७७ दशमलव ९१ प्रतिशत बराबरको राजस्व संकलन भएको थियो । सोही अबधिमा कूल पुँजीगत खर्च ३८ दशमलव ५६ प्रतिशत अर्थात् १ खर्ब ३६ अर्ब ६ करोड ९९ लाख रूपैयाँ भएको थियो । २०७८ असार ३१ गतेको विवरण अनुसार कूल राजस्व संकलन लक्ष्यको ९२ दशमलव ७४ प्रतिशतमात्रै भएको रेकर्ड रहेको छ । कोषको विवरणानुसार कर राजस्वतर्फ लक्ष्यको ९५ दशमलव ३१ प्रतिशत अर्थात् ८ खर्ब ७० अर्ब ११ करोड ३६ लाख रूपैयाँ संकलन भएको थियो ।

कर, गैरकर, अनुदान गरी कूल ९ खर्ब ९९ अर्ब ३० करोड ५२ लाख रूपैयाँ संकलन हुँदा सरकारको कूल खर्च ११ खर्ब ८० अर्ब ९५ करोड २९ लाख रूपैयाँ भएको थियो । सो वर्ष चालु खर्च ८ खर्ब ५१ अर्ब ६७ करोड ८२ लाख अर्थात् ८९ दशमलव ७५ प्रतिशत, पुँजीगत खर्च २ खर्ब २८ अर्ब ३० करोड ६ लाख अर्थात् ६४ दशमलव ६९ प्रतिशतको भएको थियो । २०७९ जेठ १५ गते अर्थमन्त्री शर्माले सार्वजनिक गरेको बजेटमा पनि चालु आवमा कूल सरकारी खर्च १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८ दशमलव ६ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ ।

कुल सरकारी खर्चमध्ये चालु खर्च ९ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१ दशमलव २ प्रतिशत, पुँजीगत खर्च ३ खर्ब ९ करोड अर्थात् ७९ दशमलव ४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १ खर्ब ७५ अर्ब ५६ करोड अर्थात ९२ दशमलव ७ प्रतिशत खर्च हुने संशोधित अनुमान अर्थमन्त्री शर्माले पेश गरेका छन । चालु आर्थिक वर्षमा राजस्व परिचालन लक्ष्यको हाराहारीमा नै रहेको दाबीसमेत मन्त्रालयको रहेको छ । मन्त्रालयका अनुसार ११ खर्ब ५२ अर्ब ४२ करोड रूपैयाँ संकलन हुने अनुमान गरेको छ । जुन गत वर्षको तुलनामा १८ प्रतिशतले बढी रहेको छ ।

# १४४ मेगावाट बिजुली भारत निर्यात

**काठमाडौं (प्रस)**– नेपाल विद्युत् प्राधिकरणले खपत गरेर बढी भएको बिजुली भारत निकासी गर्न थालेको छ । शनिबार मध्यरातदेखि काल(ीगण्डकी 'ए' को १४० मेगावाट बिजुली भारत निर्यात भएको छ । प्रतियुनिट रु १९ मा बिजुली भारत पठाइएको छ । त्यसका अलावा देशभित्रै पनि बढी बिजुली खपत गर्ने उद्योगलाई एकपछि अर्को गर्दै बिजुली उपलब्ध गराउन थालिएको छ । सोही क्रममा आइतबार मात्रै नेपाल विद्युत् प्राधिकरणको कोहलपुर वितरण केन्द्रले बाँकेमा रहेको अम्बे स्टिललाई १७.५ मेगावाट बिजुली उपलब्ध गराएको छ । यसअघि सो उद्योगले आठ मेगाबाट बिजुली लिँदै आएको थियो ।

कोहलपुर वितरण केन्द्रका प्रमुख सुरज रेग्मीका अनुसार उद्योगले कूल ३५ मेगावाट बिजुली माग गरेकामा हालसम्म २५.५ मेगाबाट बिजुली आजदेखि उपलब्ध भएको छ । देशभित्रै गुणस्तरीय छड तथा डण्डी उत्पादन गर्ने लक्ष्यका साथ अम्बे स्टिलले बाँकेमा कारखाना स्थापना गरेको हो ।

'झण्डै डेढवर्ष पहिलेदेखि उद्योगले हा(मीसँग ३५ एमभिए क्षमतामा बिजुली माग गर्दै आएको थियो, प्राधिकरणले आवश्यक तयारी गरेर मागअनुसार नै बिजुली उपलब्ध गराएका छौँ', प्रमुख रेग्मीले भने, 'बाँकी रहेको ९.५ मेगावाट बिजुली पनि एक साताभित्रै उद्योग परिसरमा उपलब्ध गराउँछौँ ।'

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले केही समय पहिले उद्योग परिसरको स्थलगत निरीक्षण गर्दै उद्योगलाई मागअनुसार बिजुली उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । तुलनात्मक रूपमा प्राधिकरणले पश्चिम नेपालमा स्थापना हुने उद्योगलाई सहज रूपमा बिजुली उपलब्ध गराउन प्रयास गरे पनि भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनका दुई टावर निर्माणमा भएको अवरोधका कारण सकेको छैन ।

हाल चमेलिया करिडोरमा उत्पादित बिजुली र टनकपुर नाकाबाट आयात भइरहेको बिजुली व्यवस्थापन गरेर पश्चिम नेपालमा वितरण गरिएको छ । भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन निर्माणमा नवलपरासीको दुम्कीबासमा समस्या देखिँदै आएको छ ।

स्थानीयवासीले प्रसारण लाइनको मार्ग परिवर्तन गर्नुपर्ने माग राख्दै सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनका कारण पूर्वको बिजुली पश्चिम जानसकेको छैन । हाल बर्दघाट आसपासमा १३२ केभी क्षमताको प्रसारण लाइन मात्रै सञ्चालनमा छ । त्यसले १०० मेगावाट बराबर मात्रै बिजुली प्रवाह गर्न सक्छ ।

बाह्र वर्षभन्दा लामो समय भए पनि सो आयोजनाका सम्बन्धमा स्थानीयवासीले राखेका माग सम्बोधन हुन नसक्नु र सर्वोच्च अदा(लतले समेत फैसला नगरिदिँदा राष्ट्रियरूपमा नै बिजुली प्रवाहमा समस्या भइरहेको छ ।

# १८ खर्ब ४८ अर्ब पुग्यो सार्वजनिक ऋण

**काठमाडौं (प्रस)**– तपाईंको टाउकामा ऋणको भार कति छ ? उत्तर पनि तप(ाईसँगै छ । व्यक्तिगत कारोबारका लागि लिइएको ऋणको हिसाब व्यक्तिगतरूपमा नै हुन्छ । त्यसको जिम्मेवार पनि तपाई नै हो । तर, देशले लिएको ऋण तपाई हामी सबैको गन्तीमा हिसाब गर्दा के कति पुग्यो होला ? आम मानिसको चासो स्वाभाविकरूपमा रहन सक्छ नै ।

सरकारले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार हरेक नेपालीको टाउकामा रु ६३ हजार ३१० बराबरको ऋणको भार परेको छ । अर्थमन्त्री जनार्दन शर्माले यही जेठ १४ गते प्रतिनिधिसभामा पेश गरेको आर्थिक सर्वेक्षण(अनुसार नेपालको कूल सार्वजनिक ऋण रु १८ खर्ब ४८ अर्ब १९ करोड बराबर पुगेको छ । यो नेपाली जनताले तिर्नुपर्ने ऋण भने होइन । तर, सरकारले तिर्ने ऋण भने अवश्य नै हो ।

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार गत फागुन मसान्तसम्म सार्वजनिक ऋण १८ खर्ब ४८ अर्ब १९ करोड पुगेको हो । कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको मात्रा कम छ भने बाह्य ऋणको मात्रा बढी छ । रु आठ खर्ब ६३ अर्ब १९ करोड आन्तरिक हो भने रु नौ खर्ब ८४ अर्ब ९९ करोड भने विभिन्न दातृ निकाय र बहुपक्षीय निकायले नेपाललाई उपलब्ध गराएको ऋण हो ।

गत वर्षको असार मसान्तसम्म सार्वजनिक ऋण रु १७ खर्ब ३७ अर्ब ६४ करोड बराबर थियो । सरकारले फागुन मसान्तसम्म थप रु ८९ अर्ब ५० करोड आन्तरिक ऋण लिएको छ र यस्तै, अनुदान र ऋण गरी बाह्य सहायता रु ४७ अर्ब ९४ करोड लिएको छ ।

पछिल्लो तीन वर्षमा मुलुकको ऋणभार दोब्बरले बढेको देखिन्छ । विवरण(अनुसार २०७४ को फागुनमा सरकारको कूल ऋण रु आठ खर्ब ४३ अर्ब रहेकोमा ०७७ फागुनसम्म त्यो बढेर रु १५ खर्ब ८९ अर्ब ४६ करोड बराबर पुगेको थियो ।

त्यसपछि पनि लगातार सार्वजनिक ऋणको मात्रामा वृद्धि भएको देखिन्छ।सरकारको सार्वजनिक ऋणको मात्रामा क्रमशः वृद्धि हुँदै गएपछि बजेटमा नै वित्तीय व्यवस्थाअन्तर्गतको शीर्षकमा समेत क्रमशः बजेट वृद्धि हुँदै गरेको विवरणबाट देखिन्छ ।

यही जेठ १५ गते सार्वजनिक भएको आगामी आर्थिक वर्षको बजेटमा वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२ दशमलव ८ प्रतिशत बराबरको बजेट विनियोजन गरिएको छ ।

चालू आवमा रु एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको बजेट वित्तीय व्यवस्थाका लागि विनियोजन गरिएको थियो । त्यसमध्ये हालसम्म रु ८२ अर्ब ४८ करोड २३ लाख बराबरको रकम भुक्तानी गरिसि(कएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार कूल लक्ष्यका हालसम्म ४३ दशमलव ५४ प्रतिशत भुक्तानी गरिएको छ । सरकारको लक्ष्यअनुसार वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२ दशमलव ७ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

चालू आवमा कूल सरकारी खर्च रु १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८ दशमलव ६ प्रतिशत हुने संशोधित अनुमान सरकारको छ । कुल सरकारी खर्च मध्ये चालु खर्च रु नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१ दशमलव २ प्रतिशत, पुँजीगत खर्च रु तीन तीन खर्ब नौ करोड अर्थात् ७९ दशम(लव ४ प्रतिशत हुने सरकारको अनुमान छ ।

सरकारले आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ४० अर्ब ११ करोड र वैदेशिक अनुदानबाट रु ५५ अर्ब ४६ करोड व्यहोर्दा रु चार खर्ब ९८ अर्ब २६ करोड न्यून हुनेछ । सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ४२ अर्ब २६ करोड जुटाइनेछ । राजस्व परिचालन र वैदेशिक अनुदान तथा ऋण सहायता परिचालन गर्दा नपुग हुने खुद रु दुई खर्ब ५६ अर्ब आन्तरिक ऋणबाट व्यहोर्ने गरी प्रबन्ध गरिएको छ । यसबाट पनि सार्वजनिक ऋणको मात्रामा बढोत्तरी हुने नै देखिन्छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७६ मा रु एक खर्ब ५५ अर्ब ७१ करोड ६० लाख बराबर बजेट वित्तीय व्यवस्थाका लागि विनियोजन भएको थियो ।

त्यस्तै २०७७ मा रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख बराबरको जोहो गरिएको थियो । त्यस्तै २०७८ मा रु एक खर्ब ७२ अर्ब ७८ करोड बराबर वित्तीय व्य(वस्थाका लागि राखिएपनि रु एक खर्ब ९७ करोड अर्थात् ५८ दशमलव ४४ प्रतिशत बराबरको दायित्व भुक्तानी गरेको थियो ।

सरकारले आन्तरिक तथा बाह्य क्षेत्रबाट लिएको ऋणको साँवा तथा व्याज भुक्तानी गर्ने समयसीमा निर्धारण गरिएको हुन्छ । सोही आधारमा नै सरकारले बजेटमा वित्तीय व्यवस्थाको शीर्षक नै राखेको हुन्छ । महालेखा नियन्त्रक सुमनराज अर्यालका अनुसार यो सरकारको नियमित काम भित्रै पर्ने विषय हो । 'सरकारले आ(न्तरिकरूपमा उठाएको ऋण तथा बाह्य क्षेत्रसँग लिएको ऋणको साँवा वा ब्याजको भुक्तानीका लागि निर्धारण गरिएको समय(भित्रै तिर्नुपर्ने भएकाले वित्तीय व्यवस्थामा यस खालको प्रबन्ध गरिएको हो । यो नियमित काम हो', अर्यालले भने । *रासस*

## कलैया उपमहानगरपालिका
बारा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

*व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं*

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिशापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं ।
- लैगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरुवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचार संहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपांग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बीमा गराऔं र अवसरको फाइदा उठाऔं ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ